साप्ताहिक

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepalltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY    माटोवादीहरूको साझा पत्रिका

वर्ष ४२  अंक ६   २०८० भदौ १२, मंगलबार  (Aug. 29,, 2023)  मूल्य रू. १०/-

## चीनलाई तेस्रो प्राथमिकता नै हो त ?

काठमाडौं । मन्त्रिपरिषदले प्रधानमन्त्रीको निवेदन स्वीकृत गरेपछि भदौ ३० गते प्रम प्रचण्ड राष्ट्रसंघको ७८औं बैठकलाई संवोधन गर्न अमेरिका जाने, अमेरिकी राष्ट्रपति जो वाइडेन र उहाँका सहयोगीहरूसँग भेटवार्ता गर्ने, साइडलाइनमा सार्कका विदेशमन्त्रीहरूसँग वार्ता गर्ने भएका छन् । प्रवक्ता सेवा लम्सालका अनुसार 'हाम्रो मुलुकको कार्यप्रगतिको समीक्षा, क्लाइमेट एम्बिसन समिट, फाइनान्सिङ डेभलपेन्ट, जलवायु परिवर्तन, एलडीसीको अध्यक्षतामा बैठक सञ्चालन गर्नेलगायत दर्जनौं कार्यक्रममा सहभागी जनाउने तयारी छ । प्रम प्रचण्डले असोज ३ गते महासभालाई संवोधन गर्ने कार्यसूची छ ।'

अमेरिकाबाट प्रधानमन्त्री चीन जानेछन् भने असोज ५ देखि ७ गतेसम्म चीनको भ्रमण हुनेछ । राष्ट्रपति सी चिनफिङसहित उच्चस्तरीय भेटघाट गर्ने कार्यक्रम रहेको छ । प्रम प्रचण्डले अघिल्लो पुस १० मा र गत जेठ १७-२० गने भारतको औपचारिक भ्रमण गरेका थिए । भारतपछि अमेरिका र त्यसपछि मात्र चीन जानुले नेपालको कूटनीति कमजोरी भएको त होइन ? भन्ने बहस छेडिएको छ । यद्यपि चीन आफ्नो बिआरआई कार्यान्वयनमा केन्द्रित देखिन्छ ।

## सेनालाई सुझाव



पूर्व जनरल प्रेमसिंह बस्न्यातले जंगी अड्डालाई प्रश्न छ- नेपाल निर्माताको सालिक ढालेको किन देखिएन ?

सेनाका जरसाबहरू,

बाहिनिपति, प्रितनापतिका नाक अगाडिका पृथ्वीनारायण शाहका सालिक अपराधीहरूले ढाल्छन् भने सैनिक ब्यारेकभित्र बडामहाराजको सालिक राखेको के अर्थ छ त ? सार्वजनिक चोकमा बाहिनी बाहिनीअन्तरगत बडामहाराजको सालिक राख्नुस्, ब्यारेकमा लुकाएर होइन । अब त भूपू सेना भन्न पनि लाज भयो ।

## विदेशीको लर्को

काठमाडौं । नेपाली युवाहरू विदेशीन थालेपछि राजधानीलगायत देशैभरि भारतीय कामदारको लर्को लाग्न थालेको छ । नेपाल गएपछि मारामार काम पाइने, नागरिकतासमेत लिन सकिने लोभका कारणले भारतीय कामदारको लर्को लागेको हो । एक अध्ययनअनुसार ३५ प्रतिशतबाट अझ माथि विदेशी श्रमिक देखिन थालेका छन् ।

नेपालमा काम कम, सेटिङमा अपराध भइरहेको छ । १० टाउके सरकार अपराधकर्मीलाई बचाउने र सुशासन दिन नसक्ने क्षमताहीन भइसकेको छ । एकातिर ठूलो गठबन्धन, अर्कोतिर भारत निकटेहरूको चारदलीय उपगठबन्धन, कांग्रेस, एमाले र माओवादीका अध्यक्षहरूको गठबन्धन र बेला बेलामा गोप्य बैठक हुने गरेका छन् ।

दैनिक हजारौंको संख्यामा विदेशीएका युवालाई कसरी रोक्ने, यो देशमा भविष्य छैन भनेर निराश भएका युवालाई रोजगारमूलक शिक्षा कसरी दिलाउने, देशलाई कसरी आत्मनिर्भर बनाउने भन्ने कुनै योजना छैन । विदेशीले रजगज गर्ने दिन नजिकिन थालेको छ ।

# बाम–बाम जुधाएर के हेर्छ कांग्रेस




काठमाडौं । नेपालको राजनीतिमा परम्परागत ३ पार्टी छन्- नेपाली कांग्रेस, एमाले र नेकपा माओवादी केन्द्र । राजनीतिको सुई यही तीन पार्टी र नेतात्रय शेरबहादुर देउवा, केपी ओली र प्रचण्डवीचमा घुमिरहेको छ ।

कहिले वाम र कांग्रेसवीच टक्कर पर्छ, कहिले वाम वाम जुधाएर कांग्रेस तमासा हेर्छ । यतिबेला कांग्रेसले काँध थापेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्रीका लागि टेको दिएका छन् । प्रजातान्त्रिक टेकोमा अडेस लगाएर प्रचण्ड १० दलीय वाम सरकार चलाइरहेका छन् । यो सरकारको आयु कति हो, कसैलाई थाहा छैन । जबसम्म कांग्रेस दाहिना हुन्छ, तवसम्म प्रचण्डलाई कसैले हल्लाउन पनि सक्दैन, प्रचण्ड महावीर रहन्छन् ।

गजबको सिक्वेन्समा बनेको छ प्रचण्ड सरकार । प्रचण्ड सर्वहारावादी हुन् । कांग्रेस प्रजातन्त्रवादी । संघीयता चाहिदैन भन्नेदेखि भ्रष्टाचार, तस्करी, अपराधिकरण र गौर हत्याकाण्डको छानबिन हुनुहुन्न भन्नसम्मका पार्टी नेताहरू यही सरकारमा सामेल छन् । यथार्थमा भन्ने हो भने प्रचण्ड सरकार सबैखाले अपराध पखाल्ने बाइसधाराजस्तो लाग्छ । प्रचण्ड सरकारले अनेक भ्रष्टाचारका फाइल खोलेर जनतामा निकै वाहवाही कमाउन सफल भएको हो । खासगरी भुटानी शरणार्थी प्रकरण, सुन काण्ड र ललिता निवास भूमाफिया प्रकरणका फाइलले प्रचण्डको हाइट ह्वात्तै बढेको थियो, तर आफ्ना पार्टीका उपाध्यक्ष कृष्णबहादुर महरादेखि अनेक नेताहरूको साइनो सुनदेखि भुटानी शरणार्थी र ललिता निवासको जग्गा प्रकरणमा जोडिएपछि आफ्नालाई बचाउने नीति लिंदा प्रम प्रचण्डमाथि नैतिक प्रश्न उठेका छन् । आलोचना भइरहेको छ । आफ्नालाई बचाउने र प्रतिद्वन्द्वीलाई फसाउन खोज्दा जोसुकैमाथि कारवाही हुन्छ भन्ने गृहमन्त्रीसमेत विवादित बनेका छन् ।

तत्कालीन ओली सरकारले मध्यावधि घोषणा गरेपछि अदालतले देउवालाई प्रधानमन्त्री तोकिदिएको थियो, त्यसपछि त्रिकोणीय राजनीतिक प्रतिस्पर्धा चर्केर गएको हो । ०७९ को आवधिक निर्वाचनमा कांग्रेस ठूलो पार्टी बन्यो, एमाले दोस्रो र माओवादी ३२ सिटे तेस्रो । तर एमालेसँग फुटेको नेकपा स का नेता माधव कुमार नेपाल र कांग्रेस सभापति देउवासँग प्रचण्डले यसरी चोचोमोचो मिलाए कि सुरूको २ वर्ष प्रचण्ड प्रम, त्यसपछिको १ वर्ष माधवकुमार नेपाल र चुनावी सरकारको २ वर्ष देउवा प्रधानमन्त्री बन्ने सहमति बन्यो । यहीकारण प्रजातान्त्रिक मर्म, मर्याद र धर्मसमेत त्यागेर कांग्रेसले सर्वहारावादीसँग सिद्धान्तहीन गठबन्धन गरेको हो । अबको केही महिनामै माधव नेपाललाई होइन, आफै २ वर्षका लागि प्रम बन्ने दाउमा प्रतिक्षारत छन् कांग्रेस सभापति देउवा ।

यही सरकारका कारण राजनीतिक स्थिरता रहेन, अराजकता बढेको छ, सुशासनका सीमाहरू तोडिएका छन्, न्याय मारिएको छ, जता पनि राजनीतिक व्यभिचारभन्दा बढी केही बाँकी छैन । सत्ता राजनीतिमा केन्द्रित भएपछि यी तीन ठूला पार्टीहरू चर्को सत्ता द्वन्द्वमा छन् ।

नेपालको राजनीति अराजक बन्दै धार्मिक र जातीय द्वन्द्वमा समेत फस्न पुगिसक्यो, तैपनि सद्भावमा बहुजातीय, बहुधार्मिक समन्वय गर्न पार्टीहरू तैयार छैनन्, यी तिनै नेतृत्व सत्तामा केन्द्रित रहेका छन् । राजनीति यसैगरी सत्तास्वार्थमा घुमिरहने हो भने चीन, अमेरिका, भारत र युरोपियनको प्रवेशसँग नेपाल अस्तित्वको संकटमा फस्नसक्ने खतरा दिनदिनै बढेर जाँदो छ । सम्झने र सम्झाउने कसले ?

## पिसकोरको योगदानको अपेक्षा

काठमाडौं । नेपालका ग्रामिण भेगमा शिक्षा, स्वास्थ्यलगायतमा संचेतना जगाउन १९६२ मा सुरू भएको अमेरिकी पिस कोर स्वयंसेवा २००४ मा स्थगित गरिए पनि २०१२ देखि पुन: सुचारू गरिएको थियो । हालै अमेरिकी दूतावासले २१ जना 'पिस कोर' स्वयंसेवक नेपालका ग्रामिण भेगमा समाजसेवामार्फत संचेतना अभिवृद्धि गर्न दुई वर्षका लागि खटिएको जानकारी प्रकाशित गरेको छ । बरिष्ठ पत्रकार




ध्रुवहरि अधिकारी भन्नुहुन्छ- शान्ति सेना (Peace Corps) सदस्यहरूले शान्ति र सद्भाव अभिवृद्धिको लागि योगदान गरेर अनुकरणीय उदाहरण प्रस्तुत गर्नेछन् ।

नेपालको संवेदनशील भूगोलबारे अमेरिका अनभिज्ञ छैन । महामहिम राजदूत भन्नुहुन्छ- Since 1962, Peace Corps Volunteers have been one of the best examples of US & Nepal people-to-people ties. From a personal perspective, my father was a Peace Corps Director in its founding days and my daughter was a volunteer in Tanzania. Today, I joined the @PeaceCorps swearing-in ceremony to officially send the Volunteers off on their journey to live and work in rural areas throughout Nepal. I can't wait to hear of the long-lasting friendships they'll make in their new homes!

## द्वन्द्वपीडित फेरि चिच्याए- न्याय नमार

काठमाडौं । द्वन्द्वपीडितले न्यायमा खेलबाड नगर भनेर खबरदारी गरेका छन् । पीडितहरूले गम्भीर मानवाधिकार उल्लंघनका दोषीलाई आममाफी दिनेगरी सरकारले संसदमा पेश गरेको विधेयक संसदमा संशोधन गरेर द्वन्द्वपीडितलाई थप पीडा दिने काम नहोस् भनेर सार्वजनिक रूपमा माग गरेका छन् ।

पीडितको आवाज छ- न्यायमा खेलबाड हुने गरी आममाफी दिने संक्रमणकालीन न्यायको विधेयक जस्ताको तस्तै पारित नगर्न संसद्लाई खबरदारी गर्दै गरिए आन्दोलन गरिने बताएका छन् । उनीहरूले निकै कडा स्वरमा भनेका छन्- सर्वोच्चको परमादेश र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र प्रचलन बमोजिम संक्रमणकालीन न्याय ऐन तत्काल संशोधन गर्न ध्यान दिइयोस् ।

संक्रमणकालीन न्याय विधेयक संसदीय उपसमितिमा असरल्ल रहेको छ । कस्तो मोडालिटीमा संशोधन गर्ने दलहरूवीच सहमति बनेको छैन । पीडितको पक्षमा मोडालिटी तैयार पारियोस् भनेर देशैभरिका पीडित राजधानीमा भेला भएर जघन्य अपराध गरेका अपराधीलाई उन्मुक्ति दिने कानुन बनाउने प्रयास कुनै हालतमा सह्य नहुने जानकारी दिएका छन् । पीडितले ३३ बुँदे काठमाडौं घोषणापत्र समेत जारी गरेका छन् । पीडितको साझा चौतारीका सुमन अधिकारी भन्छन्, 'विधेयकप्रतिको हाम्रा साझा चासोलाई भेलामा छलफल गरेर सार्वजनिक गरेका छौं, विधेयक यही उद्देश्यका साथ पारित हुनुपर्छ ।

यसअघि गोविन्द बन्दीलाई कानुन मन्त्री बनाएर पीडकलाई क्षमादान सम्म दिनसक्नेगरी विधेयक तैयार गरेका थिए, त्यसमा भएका गम्भीर असहमतिलाई समेत जस्ताको तस्तै राखेर विधेयक संसदमा पेश गरिएको कारण पीडितहरू आन्दोलित बनेका हुन् । सवाल उठिरहनु र सरकारले न्याय दिने प्रतिवद्धता जनाइरहने, काम केही नगर्ने व्यवहारका कारण पीडितहरू पीडामा छन् ।

प्रश्न छ- द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनामा संलग्नलाई जवाफदेही बनाउन सक्ने खालको कानुन बन्ला ? आममाफीको प्रावधान हट्ला ?

पीडित भन्छन्- 'दशकौंदेखि पीडा, अन्याय, अपहेलना र अन्यायमा पिल्सिरहेका द्वन्द्वपीडित समुदायले खोजेको न्याय हो, न्याय पाउलान् ?

## जघन्य अपराधमा क्षमादान हुनसक्दैन

काठमाडौं । अदालतको रशेम चौधरीलाई राष्ट्रपतिले क्षमादान दिएको सन्दर्भको फैसलालाई न्यायिक सक्रियता भनेपनि हुन्छ, जघन्य अपराधका दोषीलाई क्षमादान वा अन्य कुनै नाममा उन्भुक्ति दिनु विधिको शासन विपरित हो भन्ने ठहर गरेको छ ।

८ सुरक्षाकर्मी र एक बालकको हत्या भएको २०७२ भदौ ७ को कैलाली काण्डमा रेशम चौधरी नै मूल नाइके हुन् भन्ने फैसलाको पूर्णपाठमा जघन्य अपराध माफी हुननसक्ने उल्लेख भएको हो । यस फैसलाले सरकार र राष्ट्रपति नैतिक प्रश्नमा छन् ।

सजाय माफीको सरकारको अभ्यास, अपराधलाई राजनीतिक आन्दोलनको नाम दिने प्रयत्न, अपराधीलाई माफी दिंदा न्याय पीडकका हातमा पुग्ने खतरा सबै अदालतले प्रष्ट्याइदिएको देखिन्छ ।

## गाई गोरू हत्याबिरूद्धको सद्भाव र्‍याली



नेपालमा धार्मिक द्वन्द्व बढाउने उत्तेजित र असंवैधानिक गतिविधि किन भए, कसले गर्‍यो ? यो गम्भीर प्रश्न हो ।

धरानमा गोरू काटेर भोज लगाउने र पहिचानको आधारमा संघीयता ल्याउनेहरूका बिरूद्ध एकपल्ट फेरि सनातनीहरू एकजुट भएका छन् । गौ हत्या विरोधी र गाईगोरू काट्न खान पाउनुपर्छ भन्नेहरूको एकैदिन प्रदर्शन हुनेभएपछि सरकारले निषेधाज्ञा लगायो । यद्यपि यति ठूलो सद्भाव र्‍याली निस्क्यो । रहेछन् त सनातनी हिन्दुवादीहरू । हिन्दुवादी लड्न होइन, मिलेर अघि बढ्न खोजेका छन् ।

संविधानमा धर्मनिरपेक्षता लेखिएको यतिका वर्षसम्म पनि हिन्दू धर्म, हिन्दुराष्ट्रका पक्षमा यति ठूलो सनातनी जमघट भएकै थिएन । अब बेला भएन र संविधान लेख्दाका बखत जनताले संविधानमा हिन्दुराष्ट्र लेखिनुपर्छ भनेर बुझाएको सुझावका पोकाहरू खोल्ने ? यसैगरी दबाब दिने हो भने ती पोका खोलिन्छन् ।

## टिकटक नभए बहुलाउने खतरा पनि छ

चिनिया नागरीक Zhang Yiming ले जब Tiktok app बनाए तब देखि मानिसहरूमा कला देखाउने होडबाजी नै चलेको छ । कोभिडको बेला घर, कोठामा बन्दी जीवन बिताउँदाको क्षण होस् वा मानसिक रूपमा डिष्टर्व होस् या एक्लो जीवनमा समय कटाउने माध्यमको रूपमा यो एप खुबै फलदायी बन्यो । कतिपयले सदुपयोग गरे, कसैले दुरूपयोग ।

सामाजिक सञ्जालमध्ये विश्वभरका युवायुवतीमा चर्चित बनेको छ- 'टिकटक' कमेडी, डान्स र शिक्षाका लागि भनेर बनाइएको टिकटक २०१६ मा चीनको बजारमा आएको थियो । यो सामाजिक नेटवर्किङ प्लाट फर्म नेपाल लगायत विश्वमा छोटो समयमै निकै चर्चामा आयो । २०२० सम्ममा ३ विलियन भन्दा बढी पटक टिकटक डाउनलोड भएको छ ।

टिकटकको सही प्रयोग गर्दा निकै फाइदा पुग्छ । यसका अवगुणहरू धेरै देखिएको छ । नकारात्मक प्रयोग बढी भएको कारण भारतले टिकटक बन्द गरिदियो, नेपालमा भने टिकटक नभए मान्छे बहुलाउने अवस्था पुग्नेसम्मको खतरा छ ।

टिकटकबाट च्याट गर्दा गर्दै कैयौं लुटिएका छन्, पारिवारीक सम्बन्ध बिग्रेका छन् । छोराछोरी बिचल्ली पारेर नयाँ ब्वायफ्रेन्ड बनाउने होड चलेको छ ।

टिकटक मनोरन्जनको एउटा गतिलो माध्यम बनेको छ । के बच्चा, के युवा, के बृद्ध सबै रमाउँछन् । गला र कला हुनेले कला देखाउने प्लेटफर्म हो टिकटक । तर आज यसको अचाक्ली बिकृत अवस्था देख्दा टिकटक बन्द गरिदेओस् सरकारले भन्ने आशय आउन थालेको छ । न उमेरको ख्याल छ, न त आफन्तले पनि हेर्लान लाज । नदेखाउने कुरा छरपष्ट छन् । अझ अलि उमेर ढल्केका महिलाहरू त छाडिएर तान्डव देखाइरहेका छन् । यति मात्रै हो र ? रातभर लाइभ बसेर उपहारको लोभमा अपरिचित ब्यक्तिहरूसँग फ्लाइंगकिस गर्दै आकर्षित गर्न पनि पछी परेका छैनन् ।

टिकटकको सदुपयोग भन्दा दुरूपयोग बढी भयो । लाइक र कमेन्टको भूत चढेपछी त आफू कहाँ छु म को हो सबै बिर्सन्छन् । केही समय अगाडी मुख्यमन्त्रीको कार्यालय नै विवादमा आयो ।

शिक्षिकाले ढिकीडान्स गरेर भाइरल भइन्, यस्ता शिक्षकबाट बिद्यार्थीले के सिक्ने ? फेरी अर्की हेडमास्टरले तहल्का पिटीन् शरिरका देखाउनै नपर्ने अंग प्रदर्शन गरेर। हालसालै एउटा स्कूलमा शिक्षक जोडीले नांच्दै टिकटक बनाए । सामाजिक सन्जाल दुनियाका सामु पुग्छ भन्ने कति ख्याल नगरेको हो ? मर्यादा टिकटकेले भुसुक्कै बिर्सने गर्छन् ।

हामी सामाजिक प्राणी हौं । समाज सुधार गर्नु हाम्रो कर्तब्य हो । सामाजिक सन्जालद्वारा सकारात्मक बिचारहरू प्रवाह गर्ने कि समाजले नपचाउने क्रियाकलाप प्रवाह गर्ने? विशेषगरी नेपालका महिला दिदीबहिनीहरू सन्जालमा उपद्रो मच्चाउन बन्द गरीदिनुस् । भारतले त टिकटक एप नै बन्द गरिदियो अब नेपालमा पनि यो एप बन्द गरीयोस् । टिकटकको चटकले गर्नु गर्‍यो ।- देवी काफ्ले

# दलै दल, राजनीतिक दलदल

२०४६ सालपछि सयौं राजनीतिक दल गठन भए, निर्वाचन पनि लडे, कुनै पनि दलले सुशासन दिन सकेनन् । जुन लथालिङ्ग अवस्था ०४६ सालमा थियो, ०८० सालमा आउँदा पनि देशको कानुन व्यवस्था त्यस्तै भययुक्त देखिन्छ ।

२०४८ देखि २०७९ को आवधिक निर्वाचनसम्मको ३२ वर्षमा सयौं दल खोलिए, सयौं विलय भएर गए । च्याउसरी दलहरू खुल्ने र बन्द हुनेक्रम देखियो । अधिकांश नयाँ दलले ५ हजार मतसमेत कटाउन सकेनन् । नेपाली राजनीतिमा परम्परागत कांग्रेस, एमाले, माओवादीको दबदबा छ । ०७९ को आवधिक निर्वाचनमा राप्रपा र रास्वपा उठ्न खोजेका छन् । ०८४ मा के होला भन्न सकिन्न ।


नयाँ दलप्रतिको जनआकर्षण बढेको छ । यही आकर्षणका कारण परम्परागत पार्टीहरू त्रसित छन् । मधेस विद्रोहपछि उदाएको जसपा, लोसपा र राजेन्द्र लिंगदेन र रवि लामिछाने, सीके राउतको पार्टीले परम्परागत पार्टीहरूलाई ठूलै धक्का दिएको देखिन्छ । डा बाबुराम भट्टराईले समेत अन्य पार्टीमा बास खोज्नुपरेको देखिन्छ । ०७९ को आवधिक निर्वाचनमा ८४ दल सहभागी भए, राष्ट्रिय दलको मान्यता ७ पार्टीले पाए । एमालेबाट फुटेको माधव नेपालको नेकपा स समेत राष्ट्रिय पार्टी बन्न सकेन । समानुपातिक तर्फ ६८ दलले भाग लिएका थिए, तीमध्ये ७ दलले मात्र थ्रेस होल्ड कटाएको रेकर्ड सार्वजनिक भयो । २०८० मा निर्वाचन आयोगमा दर्ता भएका दलहरूको संख्या ११९ पुगेको सार्वजनिक भएको छ ।

अचम्म नेश्नलिष्ट पिपल्स पार्टीले जम्मा २ हजार १८ मतमात्र पायो । राष्ट्रिय नागरिक पार्टीले २ हजार १५०, नेपाल कम्युनिस्ट पार्टी परिवर्तनले २ हजार २२० र नेपाल समावेश पार्टीले २ हजार ९६३ मत पाएको देखियो । मौलिक जरोकिलो पार्टीले ३ हजार २५६, राष्ट्रिय मुक्ति आन्दोलन नेपालले ३ हजार ३५४, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरूहट)ले ३ हजार ४०६, नेपाल कम्युनिस्ट पार्टी माओवादी समाजवादीले ३ हजार ७०२ मत पाएको रेकर्ड सार्वजनिक भयो ।

र, एकीकृत शक्ति नेपालले ३ हजार ७९२, विवेकशील साझाले ४ हजार ४९, पिछडावर्ग निषाद दलित जनजाति पार्टीले ५ हजार १०५, एकल चिह्नमा चुनावमा भाग लिएका (समाजवादी एकता पार्टी/नेपाल कम्युनिस्ट पार्टी(समाजवादी)/नेपाल दलित पार्टी)ले ५ हजार ८३९, जनसमाजवादी पार्टीले ५ हजार ९२५, तराई मधेस लोकतान्त्रिक पार्टीले ५ हजार ९७७, आमुल परिवर्तन मसिहा पार्टी नेपालले ६ हजार ४२९, जनजागरण पार्टी नेपालले ६ हजार ५५०, मितेरी पार्टी नेपालले ७ हजार ४३, नेपाल कम्युनिस्ट पार्टी(पुष्पलाल)ले ७ हजार ४०२, नेपाल जनता पार्टीले ७ हजार ५१८, नेपाल लोकतान्त्रिक पार्टीले ७ हजार ७०५ मत पाएको छ । त्यसैगरी नेपाल कम्युनिस्ट पार्टीले ८ हजार १३, नेपालका लागि नेपाली पार्टीले ८ हजार ४३६, बहुजन शक्ति पार्टीले ९ हजार ४३५ मत पाएको देखियो ।

समष्टिमा भन्नुपर्दा साना दलहरू रहरे खहरे दल हुन् । यिनले ठूला दलको ओत लाग्नैपर्ने स्थिति छ । यसअघिका ४ प्रतिनिधिसभा, २ संविधानसभा निर्वाचनमा जे देखियो, ठूलै दलको दबदबा रह्यो । परम्परागत पार्टीलाई नयाँ केही पार्टीले आगामी निर्वाचनमा धक्का दिन सक्लान् त ? बहस अहिले नै सुरू भएको छ ।

# हरि मञ्जुश्रीको खोज



नेपालबाट मानार्थ विद्यावारिधि पाउने पहिलो विदेशी डा.सर्वपल्ली राधाकृष्णन् हुन् । हरि मञ्जुश्रीले सार्वजनिक गरेको जानकारी अनुसार- नेपालको पहिलो विश्वविद्यालयका रूपमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि २०१९ सालमा त्यस विश्वविद्यालयबाट पहिलोपटक मानार्थ विद्यावारिधिको उपाधि प्रदान गरिएको रहेछ । नेपालको भ्रमण गर्न आएका इन्डियाका तत्कालीन राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णनलाई त्यो उपाधि दिइएको रहेछ । यसरी नेपालबाट मानार्थ विद्यावारिधि उपाधि पाउने उहाँ नै पहिलो व्यक्तित्व हुनुहुँदो रहेछ ।

# सनातनीहरू शिवपुरीधाममा



एक पागल हुँ र म बहुला होइन भन्ने सनत कुमार पौडेलले सबै प्राणीको देवता शिव हुन र शिव शक्तिको दशौं अवतार कल्की अवतार हो भन्दै कल्की अवतारले नै विश्व व्रम्हाण्डको रक्षा गर्ने छ भनेका छन् । सनत कुमार पौडेलको अध्यक्षतामा सनातन धर्म नेपालले शिवपुरीधाममा दशौं वार्षिक कार्यक्रम सम्पन्न गर्दाको प्रसङ्ग हो यो ।

सो राष्ट्रचिन्तन सहितको कार्यक्रममा नुटन गोले लामा, प्रेम बस्नेत, चन्द्रमणी श्रेष्ठ, दिपक श्रेष्ठ, त्रिरत्न शाक्य, नन्दलाल श्रेष्ठ, धर्मेश श्रेष्ठ, प्रज्वल रायमाझी, ममता चौधरी पोखरेल, नवराज पोखरेल, माता विष्णु माया घिमिरे, सुस्मिता पौडेल, अर्जुन पौडेल, शंकर पौडेल, राधाकृष्ण लामिछाने, वेद कुमारी पौडेल, गायत्री गिरी, शारदा गिरी, मेघा, शिवरात्री माता (महन्त), कृष्ण ब. मगर, कृष्ण ब. खत्री, शंकर मघैया आदीको बाक्लै सहभागिता रहेको थियो ।

गुरूले प्राकृतिक चिकित्सा पद्धतीबाट सफल उपचार पनि गर्दै आउनु भएको छ । समुदाय, सम्प्रदायले हाम्रो समाजलाई विभाजित गरिरहेकोले यसको सामना गर्न म शास्त्रार्थ गर्न चाहन्छु भनेर मै हुँ भन्नेहरूलाई चुनौति पनि दिनु भएको छ ।

## मौलिक संस्कृतिमाथिको जबरजस्ती मान्य छैन

राष्ट्रवादी नागरिक समूहले जिवित बोल्ने देवी कुमारीको प्रसाद वितरण गरी १५ औं स्थापना दिवस मनाएको छ । आगामी इन्द्र जात्राको विषयमा के गर्ने भनेर इन्द्र जात्रा सरोकार समितिका अध्यक्ष रघुराज राजभण्डारीले धर्म निरपेक्ष राज्यको धर्म हुन्दैन भन्ने अनि भूपति राजाले मात्र कुमारीको दर्शन गर्ने परम्परालाई तोडी जवर्जस्ती दलका कथित नेताहरूलाई राष्ट्रध्यक्ष, राष्ट्रपतिलाई हुल्याएर हाम्रो मौलिक संस्कृति माथि दलीय स्वार्थअनुकूल हुनेगरी जवर्जस्ती गरिरहेको र अन्यायमा पारेको विषय हामीलाई स्वीकार्य छैन भन्ने उद्घोष पनि गरिएको छ ।

# सरकारबारे उठेका अनगिन्ति अनुत्तरित प्रश्नहरू



डा. केशव देवकोटा

संसदको तेश्रो दलका नेतालाई पहिलो दलको समर्थनमा प्रधानमन्त्रि बनाएर चलेको बर्तमान सरकारकाबारेमा अनगिन्ती प्रश्नहरू उठेका छन् । जसमध्ये कतिपय प्रश्नको उत्तर बर्तमान प्रधानमन्त्रि पुष्पकमल दाहालले त दिंदैआउनु भएको छ । तर उहाँको उत्तरलेमात्र प्रश्नकर्ताहरू सन्तुष्ठ हुने संभावना छैन । जसको उत्तर नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालेसमेत दिनसक्नुपर्ने अवस्था छ । किनकी यो सरकारको गठन शुरूमा एमालेका अध्यक्ष केपी ओलीले गराउनु भएको भएपनि हाल यो सरकारको संरक्षण नेपाली कांग्रेसले गरिरहेको छ । बरू एमालेका अध्यक्ष केपी ओलीले देशमा बिभिन्न प्रकारका साम्प्रदायिकता मच्चाउन खोजिएको गंभिर प्रश्न उठाउनु भएको छ । उहाँले यस प्रश्नमा सबैलाई सचेत र सतर्क हुन आग्रहसमेत गर्नभएको छ ।

ओलीले कोशी प्रदेशको नामाकरण तथा पहिचानको नाममा भइरहेको आन्दोलन हिंसात्मकतर्फ उन्मुख भएको बताउँदै त्यसले कसैलाई पनि फाइदा नपुग्ने बताउनु भएको छ । उहाँले ढुंगाहान्ने र अशान्ति मच्चाउने काम छाडेर साझा पहिचानको पक्षमा उभिन सबैलाई आग्रहसमेत गर्नुभएको छ । हेर्दा र सुन्दा सामान्य लागेपनि कोशी प्रदेशको घटना गंभिर र दुरगामी महत्वको छ । किनकी त्यहाँको समस्या सिर्जना गराउने माओवादी केन्द्र यतिबेला केन्द्रिय सरकारको नेतृत्वमा रहेको छ । शुरूमा एमाले सहितको सरकारहुँदा माओवादी केन्द्रकै सहमतिमा तत्कालीन प्रदेश एकको नाम कोशी प्रदेश राखिएको थियो । कसैको नाम एकपटक राखेपछि त्यसको अदली, बदली गरिरहनु राम्रो मानिन्दैन । तर माओवादी केन्द्रले सत्ता गठबन्धन परिवर्तन गर्नासाथ कोशी प्रदेशको नाम पनि परिवर्तन गरेर जातीय बनाउने उद्घोष गऱ्यो । फलस्वरूप बिगत लामो समयदेखि त्यहाँ आन्दोलन भैरहेको छ भने सरकार समेत अस्थिर हुनपुगेको छ । कोशी प्रदेशको नाम परिवर्तन गराउन चाहाने माओवादी केन्द्र र त्यसलाई चुपचाप मौनसमर्थन गर्ने नेपाली कांग्रेसले सो प्रदेशको सरकार गठन गर्ने/गराउने बहानामा बारम्बार संविधान र प्रचलित ऐन कानूनहरूको उल्लंघन गरिसकेका छन् । अब उनीहरू त्यहाँको सरकारसमेत फेरी गुमाउने अवस्थामा पुगेको देखिन्छ ।

माओवादी केन्द्रले कोशी प्रदेशमा पहिचानको आबरणमा जातीय रडाको लगाइदिएपछि सुनसरीको धरानमा ठूलो साम्प्रदायिक घटना हुनपुग्यो । त्यो घटना अब धरानमामात्र सीमिति रहने कुनै संभावना छैन । जसले अन्य जिल्ला र काठमाडौं उपत्यकामासमेत प्रबेशगर्ने संभावना छ । ओलीले प्रदेशको नामकरण कोशी राख्दा सबैको पहिचान समेटिएको दाबीगर्दै आउनु भएको छ । जसलाई माओवादी केन्द्र बाहेकका अन्य राजनीतिक पार्टीहरूले पनि साथ दिएका छन् । माओवादी पहिचानकै कुरा गरेर जातीय द्वन्द्व उक्साउने मूडमा देखिन्छ ।

नेपालको सबैभन्दा होचो स्थान कचनकवलदेखि लिएर सबैभन्दा अग्लो चुचुरो सगरमाथासम्म रहेको प्रदेशको नामकरणमा कुनै जाति विशेष र थर विशेषले बहसगर्नु आफैमा लज्जा र अर्धेल्याइँको बिषय हो । यसै मेसोमा नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले त बर्तमान प्रधानमन्त्री दाहालनै मुलुकमा जातीय द्वन्द चर्काउन उद्यत रहेको खुलासा गर्नुभएको छ । मोरङको विराटनगर उहाँले सो खुलाशा गरिरहँदा कोशी प्रदेश बिरूद्धको आन्दोलन र धरानमा साम्प्रदायिक आदोलन भड्किएकै अवस्था थियो । नेपाल प्रेस यूनियन मोरङको पदस्थापना कार्यक्रममा बोल्दा उहाँले उपरोक्त अभिब्यक्ति दिनुभएकाले त्यसको प्रभाव प्रेस जगतमा पनि परिरहेकै छ । डा. कोइरालाले देशका प्रधानमन्त्रीले आफ्नो पार्टीलाई बहुमत दिए जातीय पहिचानको प्रदेश बनाउछुभनेर अभिव्यक्तिदिँदै हिड्नु कत्तिको उचित हो ? भन्ने प्रश्नसमेत गर्नुभएको छ । जिम्मेवार व्यक्तिबाटै त्यसप्रकारका अभिव्यक्ति आउँदा मुलुक अप्ठ्यारोमा पर्छ नै । बेला बखत परेको पनि छ । त्यस्ता उच्चतहमा बसेका गैह्रजिम्मेवार ब्यक्तिको मुख कस्ले थुन्ने ? बढो गंभिर समस्याको बिषय रहेको छ ।

बर्तमान सत्ता गठबन्धनको प्रमुख घटक नेपाली कांग्रेसका नेता डा. कोइरालाले मुलुकको राजनीति अप्ठ्यारो परिस्थितिमा गएकोभन्दै चिन्ता व्यक्तगर्नु कम सम्बेदनशील र बिचारणिय कुरा होइन । त्यसो त कांग्रेसको रूपान्तरण अभियानलेसमेत प्रधानमन्त्री दाहालसँग भेटेर मुलुकमा सुशासन कायमगर्न र भ्रष्टाचारका सबै प्रकरणमा दोषीहरूमाथि बिना पक्षपात कारवाही अगाडि बढाउन ध्यानाकर्षण गराइसकेको छ । अभियानकर्ताहरूको ध्यान मुख्यत ललिता निवास जग्गा प्रकरणमा केन्द्रित रहेको देखिन्छ । जुन प्रकरणमा नीतिगत निर्णय गरेर सरकारी जग्गा ब्यक्तिका नाममा पुऱ्याउन प्रपञ्च रच्ने दुई पूर्ब प्रधानमन्त्रिहरू माधव नेपाल र डा. बाबुराम भट्टराईलाई बचाउन सत्ता गठबन्धनले खुलेयाम बैठक गरेर सहमति गरेको थियो । तर घटनाक्रमहरूले के देखाएका छन् भने सो घटनाको छानविन गरेर गुमेको सरकारी सम्पति कायम गराउने हो भने पूर्ब प्रमद्वयमाथि ढिल

बर्तमान सरकारले कारवाही अगाडि बढाउन सकेन अथवा चाहेनभने पनि भाबि दिनमा आउने कुनै पनि सरकार उहाँहरूमाथि कावाही गर्न बाध्य हुन्छ । किनकी सो घटनामा देशको उनीहरूसँग अशुल गर्नुपर्ने करिव १८ अर्ब ३६ करोड रूपैयाँको कुरा छ । त्यसैगरी सो मुद्धामा मुख्य अभियुक्तलाई उम्काएर छ जना पूर्वसचिव र केही पूर्ब मन्त्रिहरूसहित १०८ जनामाथि कारवाही हुनलागेको छ ।

नेपाली कांग्रेसको राजनीतिमा बिशेष प्रभाव राख्ने रूपान्तरण अभियानले निष्पक्ष अनुसन्धान र सम्पूर्ण दोषीलाई कारवाही गर्नंपर्ने तथा कसैलाई उन्मुक्ति दिननहुने, नक्कली भुटानी शरणार्थी प्रकरणमा अनुसन्धान र कारवाहीको अन्तिम बिन्दुसम्म पुगेर संलग्नलाई कारवाही गर्नुपर्ने माग गरिसकेको छ । त्यसैगरी सो अभियानले सुनकाण्ड प्रकरणमा निष्पक्ष अनुसन्धानगरी कुनै पार्टी नहेरी तथा आग्रह र पूर्वाग्रह नराखी नाम जोडिएका जो कोहीलाई कारवाहीको दायरामा ल्याउनुपर्ने, देशमा सुशासन कायम हुनुपर्ने, भ्रष्टाचार काण्डमा दोषी जुनसुकै तहको नेता भएपनि कानूनी कारवाही गर्नंपर्नेलगायतका विषयमा प्रधानमन्त्रिको ध्यानाकर्षण गराइसकेको छ । बर्तमान सरकारले नक्कली भुटानी शरणार्थी, ललिता निवास र सुन प्रकरणमा सन्तुलनकारी भूमिका निर्वाहगर्न नसकेको खण्डमा त्यसले सरकार र सत्ता गठबन्धनमा मात्र नभएर नेपाली कांग्रेस पार्टीमै बिग्रह ल्याउन सक्ने अवस्था छ ।

बर्तमान सरकारकै कारण ०६३ पछि नेपालमा लागू गराइएको गणतन्त्र र संघीयता असफल भएको ठानिएको छ । सत्ता गठबन्धनमा रहेको नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले संघीयता बचाउन र संघीय कानून कार्यान्वयनमा केन्द्रीय सरकार प्रतिबद्ध नरहेको आरोप बताइसक्नु भएको छ । उहाँले त्यसका लागि शान्तिपूर्ण संवैधानिक लडाइँ लड्नुपर्ने आबश्यकतासमेत औल्याउनु भएको छ । उहाँले गत शनिबार जनकपुरधाममा आयोजित एक कार्यक्रममा बोल्दै मधेश प्रदेशलाई आन्दोलनमा उतार्ने प्रयास गर्नुभएको देखिएको थियो । त्यसो त नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंहलेसमेत नेपालमा गणतन्त्र र संघीयता गुम्न सक्ने सम्भावना रहेको बताउनु भएको छ । हालैमात्र कैलालीको धनगढी पुग्नुभएका महामन्त्री सिंहले विदेशीहरू विशेषगरी भारतको नेपाल नीतिका कारण पनि गणतन्त्र गम्भीर संकटमा परेको बताउनु भएको थियो । उहाँले संघीयताका कारण देशमा विखण्डनको अवस्था आएको र संकट निम्त्याएको बताउँदै २०१७ साल र ०५९ सालमा राजाले गरेको कूभन्दा अहिलेको अवस्था जटिल भएकाले सबै राष्ट्रवादी शक्तिहरू एक हुनुपर्नेमा जोड दिनुभएको थियो ।

उता लोसपाका अध्यक्ष महन्थ ठाकुर पनि बर्तमान सरकारप्रति असन्तुष्ठ हुनुभएको देखिएको छ । उहाँले मधेस आन्दोलनकाक्रममा मारिएका पार्टीका नेता तथा कार्यकर्तालाई अझै शहीद घोषणा नगरिएकोमा असन्तुष्ठि जनाइसक्नु भएको छ । उहाँले मधेस आन्दोलनकाक्रममा जेलमा परेका र झुट्ठा मुद्धा लागेकाहरूको मुद्धा फिर्तालिने विगतका सम्झौताहरू तत्काल कार्यान्वयनमा ल्याउन सरकारलाई आग्रह गर्नुभएको छ ।

बर्तमान सरकारले घोषणा गरेको श्रमिकहरूको तलवलाई उद्योगी एबं ब्यापारीहरूले ठाडै इन्कार गरेका छन् । पछिल्लो समयमा नेपालको जनशक्ति विदेश पलायन भएपछि काठमाडौं उपत्यकामासमेत भारतीय कामदारको बाहुल्यता बढ्न थालेको छ । भनिन्छ नेपालमा ३५ प्रतिशतभन्दा बढी विदेशी श्रमिकको उपस्थिति हुनथालेको छ । माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्रि दाहालका सामु नौतिर फर्किएका पार्टीहरूको नौ दलीय गठबन्धन, त्यसभित्र भारत निकट मानिएका चार दलहरूको छुट्टै उपगठबन्धन, नेकां, एमाले र माओवादी केन्द्रका सभापति तथा अध्यक्षहरूको तीन दलीय गठबन्धन रहेका छन् । त्यसैगरी प्रम दाहालका वरिपरी माओवादी केन्द्र, ए.स. र विप्लव नेकपाको राजनीति सञ्चालन गर्नुपर्ने बाध्यात्मक अवस्था पनि रहेको छ ।

यस्तो अवस्थामा बर्तमान सरकार नेपाली समाजमा अनेक प्रश्न खडागर्ने तर उत्तर दिन नसक्ने अवस्थामा देखिएको छ । जसले कुनै पनि दिन र कुनै पनि समयमा राजनीतिक बिष्फोटको अवस्था सिर्जना गर्नसक्छ । आम सर्बसाधारण जनताको प्रतीक्षा त्यही बिष्फोटमा केन्द्रित रहेको देखिन्छ । भयग्रस्त समाजलाई शान्तिप्रति आश्वस्त पार्ने नेतृत्व देखिदैन ।






# बाहिर बाहिर मह, भित्र भित्र विष



**बैकुण्ठ भण्डारी**

जो हात सो साथ, अहिलेको नेपालको मन्त्र वा सूत्र भनेकै मिलाएर खाऔं, मिलाएरै गाऔं भन्ने हो ।

हेरौं त, आहा कति राम्रो बाटो ! बाटोभरी फूलैफूल अनि हरिया रूखहरू कत्ति मज्जाले सजाइएको । विहान वा बेलुकी समयमा माईतीघरदेखि तीनकुनेसम्म पुग्दा त लाग्छ युरोप अमेरिका घुम्दैछु । अचेल टिकटक बनाउनेहरूको भीड पनि फोटो खिचाएर सामाजिक सञ्जाल रंगीन बनाउनेहरूको लस्कर हेर्ने हो भने त नेपाल भन्ने देशले अग्रगामी छलाङ हानिसकेछ, निकै नै विकसित भईसके । यहाँका मानवहरू यति धेरै खुशी छन् कि सायद विश्वमा यस्तो देश नै छैन । मान्छेहरू त्यत्तिकै फिनल्याण्ड फिनल्याण्ड भन्छन् । फिनल्याण्ड भन्दा हाम्रै काँठल्याण्डमा नै मान्छे खुशी छन् । नपत्याए काँठ ल्याण्डका होटल, रेष्टुरेष्ट, पवदेखि डिस्कोसम्म हेरेपुग्छ कत्ति खुशी भाका छन् । डाँडामा रहेको सवै रिसोर्टमा मानिस दंग छन् खुशी साटासाट गरिरहेका छन् । यता हेर्‍यो टिकटक उता हेर्‍यो इन्स्ट्राग्राम खुशी नै खुशी ।

यतिमात्र हो र ? आजकल त स्वदेशदेखि विदेशमा बस्नेहरूसम्मले यस्तै सुन्दर दृश्य कैद गरेर 'बालेनको शहर' का रूपमा स्थापित गरिदिएका छन् । नेवार राज्य भन्दै उफ्रिनेहरूलाई हेरेको हेर्‍यै पारेर जनताले बालेनलाई पत्याईदिएका हुन् । त्यही पत्याईकै कारण काठमाडौं शहराँ बालेनलाई आएपछि बाटो रंगिए, सडक चम्किए । जता हेरे पनि खुशी नै खुशी देखिए । साँच्चै काठमाडौं बनाउँछु भन्ने ठिटौंले जोशले होला । सिंगारिएको छ । मध्यरातसम्म बबरमहलतिरको पुलमा फोटा खिच्ने र खिचाउनेहरू अरिंगालजस्तै भाका छन् ।

यति सुखी र खुशी जनता अन्त होलान र ? भन्न पनि मुश्किल पत्याउन पनि मुश्किल । नपत्याएर सुखै छैन । आजकल त्यस्तै भएको छ । एउटा दृष्टिविहिन फुटपाथमा सहजै हिड्न सक्छ । सफा र चिटिक्क पारेर रंगिविरङ्गी सिमेण्टका व्लक विछ्याएको फुटपाथ न हिजो थियो न भविष्यमा हुनेछ ! किन की अहिले छ, रमाइलो छ । समय बलवान पो छ त ?

माईतीघर तीनकुनेको बखान गर्दै गर्दा बानेश्वर तिर पुगेर उत्तरतिर आँखा लगायो भने डाँको छाडेर रून मन लाग्छ र तिनका बाजेहरूलाई । यति धेरै खुशी जनता भाको काँठको मध्यभागमा पुगेर डाँकै छोडेर रून मन लाग्नु भनेको त फिनल्याण्ड होइन प्यालेष्टाइन पुगे जस्तो भईगो नि । आफ्नै देशमा बसेर अनागरिक जस्तो सँधै बन्दुकसँग खेलिरहनु पर्ने ।

हुन पनि त्यस्तै छ भन्छन् मट्याङग्रा कान्छा बा । बानेश्वरबाट उत्तर फर्केर सेतो घर हेर्दै कान्छा वा डाँको छाडेर रोका रे ! धोको फेरेर रून खोज्दा पुलिसले च्याप्पै समातेछ । तीन चार जनाले गर्धन ड्याँकेर कान्छा बालाई लछार पछार पार्दै निलो भ्यानमा कोचे छन् । विचरा कान्छा बा, ठूला बाहरू ! दुई सन्तानलाई सालिक बनाएका काका बा, सेतो घरभित्रका मालिकहरू देखेरै डाँको छोडेका रैछन् ।

न्याय मार्ने सेतो घरमा बसेका काला मान्छेहरूको भीडले मिलाएरै खाऔं, मिलाएर गाऔं भन्दा कान्छा बा को मन कुँडिएको रे ? सेतो घरभित्र बसेकाले आफ्नो स्वार्थ पूरा गर्न जस्तो सुकै गठवन्धन पनि गर्दा रैछन् । काका बाले दुई सन्तानलाई सालिक बनाको न्याय मार्न होइन, न्याय पाउन भन्थे तर उनी न्याय खोज्न धाउँदा धाउँदै एक वीस वित्न लाग्यो भनेर पो डाँको छाडेका रैछन् । यस्ता अन्यायमा परेकाहरू कति छन् कति ?

विचार र सिद्धान्तलाई लोप्पा ख्वाईदिएर सेताघरमा डाँका हालेका छन् रे ! ज्यानमारालाई सहमतिका नाममा माफी दिने तन्त्र देखेर काका बा हरेक दिँन डाँको हाल्छन् र रून्छन् । हजारौं काका बा का छोराछोरीलाई सालिक बनाउनेहरूले डाँका डालेर हाँस्छन् । कहिले सुनसँग मितेरी लगाउँछन् ! कहिले ललिता निवासका जग्गासँग काकाका सन्तानले लगाएको गुनसँग मितेरी लगाउँदैनन् ।

सकेसम्म मिलेर खाने हो । मिलेरै गाउँने हो । काले काले मिलेर खाऊँ भाले भनेजस्तै । सत्ताको रसस्वादमा पल्किसकेका सेतोघरका काला विचार भाकाहरूले बषौंदेखि मिलेर लुटिरहेका छन् । ज्यानमारा, डकैती, तस्करी, भ्रष्टहरूहरू यिन मित्र बनेका छन् । आफ्नो निहित स्वार्थ पूरा गर्नका लागि जनताले तिरेको कर तर मार्ने सेतो हात्ति (प्रदेश) का लागि लडेका छन् । त्यो सेतो हात्ति न हिजो काम लागेको थियो, नत भोली नै काम लाग्ने देखिन्छ । सेतो हात्तिकै कारण गणतन्त्रको उपहास भएको छ । उपहास बनाउनेहरू उही कान्छा वा का छोराछोरीलाई सालिक बनाएर आफूलाई आर्यघाट नपुगुञ्जेलसम्म मालिक बनाउनेहरू नै हुन् ।

हाम्रो देशमा काका बाहरूले अन्याय सहिदिनु पर्ने ! नि नानीका बाहरूले अन्याय गरिरहनु पर्ने । अनि बालेनहरूले अन्यायका विरूद्ध न्यायका लागि संघर्ष गर्नु पर्ने ! कठै, सुन्दर हरियाली देखेर मात्र हुँदो रहेनछ । सेतो घरकाले त अलि पर रहेको अर्को रातो टर्मिनलबाट हरेक दिन दशौं हजारलाई मुण्ट्याईरहेका छन् । तै पनि यो देशमा बस्न लायक भईनस् ! पढिस् जा गएर गोरू जस्तै जोतिनु । अनि हाम्रा किड्नी फेर्न र ज्वाई छोरी, छोरा बुहारीलाई फिनल्याण्डी जस्तै खुशी बनाईदिनु भन्दै घचेडी रहेका छन् ।

इजरायलले १२ पढाउँछ अनि १८ वर्षको उमेरमा देशको लागि प्यालेष्टाईनसँग लड्न सिकाउँछ । तर हाम्रा देशकाले १२ सम्म घरबार बेचेर पढाउन लगाउँछन अनि १८ वर्ष भएपछि बाउ आमालाई ऋणको भारी वोकाएर विदेशी भूमिमा जोत्न पठाउँछन् । पढ्न जानेहरूको असली हविगत पनि जोतिने नै हो । स्वदेशको खाएर विदेशमा जोत्न जाने, कठै ।

सुन ल्याओस् कि नून ल्याओस् । सुन जति उनलाई नुन जति कुनलाई ? हाँसो लिएर फर्कनु त परै जाओस् ! आँशु नै लिएर आओस् । हामी सेता घराँ बस्नेले मिलेर खाने हो । मिलेर गाउँने । दोहोरी खेल्न जान्या छ । माओवाद रेफ्रि भाकै छ । एमाले कांग्रेस मिलाकै छ । सहमति र सहवासमा एमाले होस् कि कांग्रेस मधेश होस् की राप्रपा । समाजवाद होस् जनवाद । सिके राउतदेखि रविको खाओस्सम्म पनि मिलेरै खाने हो । मिलेरै जाने हो ! आखिर जनता त भेंडा नै हुन् । जता जता लखेट्यौ उतै उतै भाग्ने । हरियो घाँस देखाउँना साथ फेरि फर्केर आँ गर्न आउने ।

यो देश त हाम्रो पेवा हो । मिलाएर खाऔं, मिलाएर संसदमा रेशम फिरिरी भन्दै गाऔं ! जे छ, रेशम फिरीरी गानाको छ ।

## मुक्तक र कोपिलाका प्रयासहरू : तीखा तीखा काँडाहरू छन्



लालाबालाको खुशी छिन्नेहरूलाई सोध
जमिन छोडेर हावामा हिन्नेहरूलाई सोध
भोक, अभाव र अवहेलनाको परिभाषा
पसिना बेचेर चामल किन्नेहरूलाई सोध ।

**- गंगा दहाल**



समाजमा राम्रो काम गर्नुपर्छ मान रहिरहन्छ
जीवनमा केही गर्नुस्, नमेटिने सान रहिरहन्छ
हेर्ने आँखाहरू भन्दा बुझ्ने मन राम्रो हुनुपर्‍यो
त्यसपछि सधैंभरि मुहारमा मुस्कान रहिरहन्छ ।

**- सरस्वती तिवारी**



आकाश जूनकै हो तापनि सधैं जून उदय हुँदैन
केवल अरूलाई हराएर मात्र तिम्रो विजय हुँदैन
भविष्यको रेखाचित्र जति सच्याउन खोजे पनि
संसारमा मृत्युबाहेक अन्य कुराको कुनै तय हुँदैन ।

**- लक्ष्मी मुडवरी पण्डित**



लागेरै बरू एकोहोरो कम्बर कस्न मन छ
जे पर्ला पर्ला तर एकपटक फस्न मन छ
अरू धेरै इच्छा चाहाना केही छैनन् मेरा
डेरा जमाइ त्यो मन भित्र बस्न मन छ ।

**- लक्ष्मी नेपाल**



मुटुमा अंकित स्मृतिले सकारेको छु उनीलाई
कल्पि रहँदा यो हृदयमा उतारेको छु उनीलाई
ए हजुर ! उनको नाम अधरमा बसेछ यसरी
कि सुते पनि सपनीमा पुकारेको छु उनीलाई ।

**- कृष्ण ब.थापा**



तिमी पनि मेरै यादमा टोलाउँछौ जस्तो लाग्छ
मेरै नाममा प्रीतिको गीत गाउँछौ जस्तो लाग्छ
यो सहरको भीडमा तिमीलाई नै खोज्छन् आँखा
वर्षात्मा बर्सिदै बर्सिदै आउँछौ जस्तो लाग्छ ।

**- रिना बम**



हेर्दैमा अनुहार को कस्तो भन्न सकिन्न
देख्न न त सबैलाई देखिन्छनी मुस्कुराएकै
यो भिडमा असल खराव गन्न सकिन्न ।

**- उर्मिला पन्त पाण्डेय**



साउने झरी उर्लेर आयो
बाढी बढेर, गाउँबस्तीमा पहिरो बगेर,
बनचरीको बास हरायो ।

**- दुर्गा भट्टराई**



अग्ला अग्ला डाँडाहरू छन्
म बबुरो कसरी पार लाउन सक्छु र खै
तिखा तिखा काँडाहरू छन् ।

**- श्रीकृष्ण**



भनेजस्तो गतिलो कहाँ हुन्छ र
आकासको आगो पातालको पानी भएपछि
भेट्नलाई सजिलो कहाँ हुन्छ र ?

**- गिरिराज डल्लाकोटी**



साउन लाग्यो प्रियतमा तनै हरियो
सोह्रै श्रृङ्गार पहिरनमा छायो हरियाली
लह लह खेतीपाती मनै हरियो ।

**- गणेश लोहनी**



सिंगो इतिहास जानेर के गर्छौ तिमी
पुर्खाको बलिदानलाई कदर गर्न सक्दैनौं भने
बिना पानी गाग्री खै कसरी भर्छौ तिमी ।

**- अम्बिका खरेल उप्रेती**




बेला बेलामा धम्किए भानु
निरङ्कूश शासन लेख्न सहज थिएन
सिर्जन समरमा बम्किए भानु ।

**- यज्ञलाल सुवेदी**

*केही मुक्तक, कोपिलाहरू संकलन गरेर पठाइदिनु भएकोमा **मित्रहरू**लाई हार्दिक धन्यवाद ।*

# ज्ञानु अधिकारीको *संवेदनाको समायोग*




***राधेश्याम लेकाली-*** निबन्धकार ज्ञानु अधिकारीको आत्मपरक निबन्धसङ्गह 'संवेदनाको समायोग' कृतिमाथि गम्भीर विमर्श कार्यक्रम सम्पन्न भएको छ । विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा भव्य रूपमा सम्पन्न भएको सो कार्यक्रममा दुई चरणमा विभक्त भएको थियो ।

कार्यक्रमको पहिलो सत्रमा नवपुस्ताका समीक्षक सावित्रा पाण्डे काफ्ले, अनिता कोइराला, सरस्वती सरस र सुधा शर्माले पाठकीय प्रतिक्रियाका रूपमा पठन अनुभूति व्यक्त गरेका थिए । यस कार्यक्रमको सञ्चालन महेश क्षितिजले गरेका थिए ।

यसैगरी दोस्रो सत्र विमर्श-संवादमा वक्ताका रूपमा त्रिविका उपप्राध्यापक कुमारी लामा र डा. अशोक थापाले ज्ञानु अधिकारीकृत निबन्धसङ्गहबारे गम्भीर बहस गरेका थिए । यस सत्रको संचालन पत्रकार राजकुमार बानियाँले गरेका थिए ।

# ज्ञानक्रान्ति महाकाव्य र भक्तिसागर खण्डकाव्य

कवि रामचन्द्र न्यौपाने 'वनवासी'का ज्ञानक्रान्ति (महाकाव्य) र भक्तिसागर (खण्डकाव्य) भदौ ९ गते लोकार्पण भएको छ । सिसार साहित्य परिवारको आयोजनामा सम्पन्न सो कार्यक्रम त्रिविका उपप्राध्यापक तथा पद्मकन्या बहुमुखी क्याम्पस संस्कृत, पत्रिकारिता र हिन्दी विभागका पूर्व विभागीय प्रमुख ज्ञाननिष्ठ ज्ञवालीको सभापतित्वमा भएको थियो ।




महात्मा दीपकजीको प्रमुख आतिथ्यतामा सप्पन्न सो कार्यक्रममा अध्यक्ष, प्रमुख अतिथि र साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीलगायत विभिन्न व्यक्तिहरूले संयुक्त रूपमा कृतिहरूको लोकार्पण गर्नुभएको थियो । दुबै लोकार्पित कृतिको समीक्षा प्रा.डा. भागवत ढकाल, कवि सीता भट्टराई र पूर्व प्रशासक कृष्णचन्द्र घिमिरेले गर्नुभएको थियो । कृतिका केही अंश कवि प्रभा भट्टराई, लक्ष्मी घिमिरे र स्वस्तिक ढकालले वाचन गर्नुभएको थियो । कार्यक्रममा साहित्यकारहरू विजयराज न्यौपाने, चन्द्रप्रसाद न्यौपाने, विजयध्वज थापा, राजनप्रसाद न्यौपाने, मीनप्रसाद ज्ञवालीले शुभकामना दिनुभएको थियो ।

# शंकर भारतीको *अनुपम देवता* उपन्यास




शंकर भारतीको 'अनुपम देवता'को भदौ ८ गते अन्तरक्रिया सम्पन्न भएको छ । उपन्यास समाज नेपालले सामाजिक विकास समाजमा आयोजना कार्यक्रम आयोजना गरेको थियो । यो उपन्यासको तेस्रो संस्करण हो । पहिलो सस्करण २०२७ सालमा प्रकाशित भएको थियो । कार्यक्रममा साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन'को अध्यक्षता तथा साहित्यिक पत्रकार संघका पूर्व अध्यक्ष वरिष्ठ साहित्यिक पत्रकार नगेन्द्रराज शर्माको प्रमुख आतिथ्यतामा आयोजित सो कार्यक्रममा 'अनुपम देवता' उपन्यासको बारे चर्चा गरिएको थियो ।

उपन्यासबारे समालोचकहरू डा. दामोदर पुडासैनी, डा. शान्तिमाया गिरी, डा. रामप्रसाद ज्ञवाली, डा. मधुसूदन लामिछाने, डा. दिनबन्धु शर्माले आआफ्नो पाठकीय मन्तव्य राख्नु भएको थियो । उपन्यासकार भारतीले उपन्यास लेखनबारे चर्चा गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ साहित्यिक पत्रकार नगेन्द्रराज शर्मा, अध्यक्ष श्रीओम श्रेष्ठ, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य-सचिव धनप्रसाद सुवेदी, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, नेपाल स्रष्टा समाजका पूर्व अध्यक्ष पवन आलोक, महासचिव देविका तिमिल्सिनालगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा साहित्यकार वियोगी बुढाथोकीले स्वागत तथा विष्णबहादुर सिंहले धन्यवाद ज्ञापन गर्न भएको थियो ।



कर्णाली ! अहा, चित्ताकर्षक छ कर्णाली । यो सुन्दरतामा सरकारको आँखै पुगेन । प्राकृतिक सुन्दरताले भरिपूर्ण कर्णालीमा भोक छ, रोग र बेरोजगारी छ । कर्णालीमा सरकारको साइनबोर्ड छ, सरकार छैन, सरकारका प्राथमिकता पनि केही छैनन् ।





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | रोशन कार्की |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np





# सर्वोच्चसँग कांग्रेस आक्रोसित

सर्वोच्च अदालतले राष्ट्रिय ढुकुटी जथाभावी खर्च गर्न पाइदैन भनेर सांसद विकास कोषको रकम खर्चमा रोक लगाएपछि खासगरी नेपाली कांग्रेसका प्रमुख सचेतकदेखि अन्य सांसदहरूले आपत्ति जनाएका छन् । उनीहरूको तर्क छ- संसदको कार्यक्षेत्र अदालतले उल्लंघन गऱ्यो । संसदमा सांसदहरूले सर्वोच्चको आदेश शक्ति पृथकीकरणको सिद्धान्तविपरीत रहेको भनेर चर्को आवाज उठाए । तर सर्वोच्चको आदेशको विरोध गर्नेले संविधानको व्याख्याता नै सर्वोच्च अदालत हो भनेर बुझ्न चाहेनन् । न्यायपालिका र व्यवस्थापिकाबीच दूरी बढाउने तरिकाले विषय प्रस्तुत भइरहेको छ ।

त्यही अदालतले प्रधानमन्त्री तोक्दा आफ्नो स्वार्थपूर्ति भएकाले सहर्ष स्वीकार गर्ने दलहरू नै सत्तामा छन्, सत्ताधारी हुन् । अहिले त्यही अदालतले विधि निर्माताको काम विधि निर्माण गर्नु हो, जथाभावी बजेट चलाउनु होइन भनेर निर्देशित गर्दा अदालतमाथि जाइलागेका छन् । कि त अदालतले प्रधानमन्त्री तोक्ने होइन, संसदले सरकार बनाउँछ भन्न सक्नुपर्थ्यो, बिगतमा अनुकूल हुँदा जयगान, यतिबेला प्रतिकूल आदेश आउँदा बिरोध गर्नुले सत्ताधारी दलहरूको मानसिकता कति साँघुरो र स्वार्थयुक्त छ भन्ने देखिएन र ?

अदालतले सांसद विकास खर्चमा रोक लगाउने आदेश दिन नमिल्ने सत्ताधारी सांसदहरूकै तर्क रहेको छ । उनीहरूका अनुसार सर्वोच्चको आदेशले एकअर्काका कार्यक्षेत्रभित्र प्रवेश गर्ने, एकअर्काको कार्यक्षेत्रलाई दख्खल अन्दाजी गर्ने प्रयास भएको आरोप पनि छ । यिनले बिगतमा अदालतले संसदकै कार्यक्षेत्र नाघेर प्रधानमन्त्री नै तोकेको विषयमा किन बोलेनन् ? सर्वोच्चको आदेशको विरोध गर्ने सांसदहरूले यस्तो आदेशले लोकतन्त्रमाथि प्रहार भएको व्याख्या पनि गरेका छन् । यस विषयमा संविधानविदहरू भने सर्वोच्च अदालतले आफ्नो पूर्व आदेश र जिम्मेवारीमा टेकेर उभिएको र सर्वोच्चको आदेशको विरोध गर्नुको तुक नरहेको बताएका छन् ।

यथार्थमा सर्वोच्चको आदेशले १८ अर्वभन्दा बढी रकमको दुरूपयोग हुनबाट बचाएको छ । सांसद विकास कोषको रकम कांग्रेस र माओवादीको दबाबमा व्यवस्था गरिएको थियो । यस्तो रकमको अधिकांश हिस्सा सांसदले मनलागी खर्च गर्ने गर्थे, विगतमा पनि यस्तो कोषको उपलब्धिपूर्ण देखिएको थिएन । यस्तो कोषबाट कतै कतै बजेटले संवोधन नगरेका क्षेत्रमा केही काम भइहाले पनि, अधिकांश रकम गजेट मिलाउने र बजेट सिध्याउनेजस्तो हुनपुगेको थियो । बरू यस्तो रकमबाट एउटा राम्रो उद्योग खोल्नसके रोजगारी बढ्ने, उत्पादनमा पनि उपलब्धिपूर्ण हुनेछ भन्ने सुझाव समाजशास्त्रीदेखि आमनागरिक समाजबाट समेत आइरहेका छन् । किन ध्यान गएन ?

## नेपाल हिंसा र पहिरोको निकट

संविधानले देशलाई व्यवस्थित बनाउने जुन आशा थियो, त्यो ०७४ को र ०७९ को आवधिक निर्वाचनले पूरा गर्न सकेन । समाज उच्छृङ्खलित र बिच्छृङ्खलित हुँदोछ । अर्थतन्त्र तहसनहस भएको छ । पार्टी नेता, प्रशासनका अगुवादेखि प्रभावशालीहरू लगायत राज्य सञ्जाल नै भ्रष्टाचार र अनियमिततामा फस्न पुगेका छन् । राजनीतिकरणकै कारण अदालतमाथि जनविश्वास घट्दो छ । नेतृत्व असफल भइसक्यो । राजनीति अविश्वसनीय बन्यो भने लोकतन्त्र अपराधतन्त्र बन्नपुग्यो । धार्मिक स्वतन्त्रताका ठाउँमा धर्मनिरपेक्षता अँगाल्दा विदेशी खुशी भए, नेतृत्वमा क्षमता नहुँदा राष्ट्र भूराजनीतिको चक्रव्यूहमा फस्न पुगेको छ । नेपाल विश्वशक्तिको राडारमा परिसक्दा पनि नेपालको शासनव्यवस्था सम्हालिएको छैन । यस्तै अवस्था रहने हो भने नेपाल हिंसा र असफलताको पहिरोमा पर्ने निश्चित छ ।

# छिपाको घ्याम्पो फुटेको कथनजस्तो राजनीति




छिपा आदिवासी जाति हुन् । छिपा जातिले दिनहुँ प्रयोग गर्ने माटोको घ्याम्पो कहिलेकाहीं फुट्थ्यो । अब बिपत्ति आउने भो भनेर अनौठा अनौठा हल्ला चलाइन्थ्यो । पत्याउनै नसकिने कुरा सुनेपछि छिपाको घ्याम्पो फेरि फुटेछ भन्ने कहावतको इतिहास यही हो ।

०६३ साल वैशाख ११ गते संसद पुनर्स्थापना भयो, अब नयाँ नेपाल बन्छ भनेर सपना बाँडियो । ०६५ सालमा गणतन्त्र कार्यान्वयन गरियो, अब जनताका छोरा राष्ट्राध्यक्ष हुनपाउने भए, समृद्ध र शान्तिपूर्ण, समतामूलक समाजमा बाँच्न पाइने भयो भनियो । ०७२ मा संविधान जारी भयो, ०७४ र ०७९ मा दुईपल्ट आवधिक निर्वाचन भइसक्यो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, नेपालीका लागि पीडाबाहेक केही हुनसकेन । असफल भयो यो व्यवस्था ।

अर्थात् छिपाको घ्याम्पो फुट्दै गयो, फुट्नेक्रम जारी नै रह्यो ।

नेपालका भ्रष्टाचारका अनेक काण्डहरू घटिरहेकै छन् । पछिल्लोपल्ट भुटानी शरणाथी बनाएर नेपाली र विदेशीलाई अमेरिका पठाएको देखि प्रधानमन्त्री निवाससमेत रहेको बालुवाटारको सरकारजग्गा भूमाफियासँग मिलेर प्रधानमन्त्रीस्तरकासमेतले भ्रष्टाचार गरेका र एयरपोर्टबाट सय सय टन सुन भित्रिएकासम्मका डरलाग्दा काण्डहरू भए । यति हुँदा पनि कहाँनेर चुक भयो, कसरी सुधार्ने, सुशासन दिने भन्ने बहस हुनसकेको छैन । नेतृत्व र प्रशासन एकदोस्रालाई दोषारोपण गरिरहेछन् ।

अब भ्रष्टाचारीहरू जेल पर्ने भनेपछि अपत्यारिला घटनाक्रम चलिरहेकै छन् । खरदार जेलमा, आदेश दिने र फाइल सदर गर्ने मन्त्री, प्रधानमन्त्रीहरूलाई चोख्याइयो । लोकतन्त्रमा विधिको शासन हुन्छ भन्ने कहावत अनपत्यारिलो बन्यो, छिपाको घ्याम्पो फेरि फुट्यो । असोज ५ गते जाँचबुझ आयोग गठन गर्ने सत्तारूढ माओवादी, कांग्रेस, प्रतिपक्षी एमाले, रास्वपा, राप्रपा, जसपा र जनमत पार्टीवीच सहमति भएको छ । भ्रष्टाचार बैध भयो, भ्रष्टाचारमा कसैमाथि पनि कारवाही हुन्न, कसैले जिम्मेवारी लिनुपर्दैन भन्ने खालको सहमति हो यो ।

फेरि छिपाको घ्याम्पो फुट्यो ।

राजनीतिको यस्तै धमिलोपनले हो, सत्तामा पुग्न, सत्ता बचाउन विदेशीलाई गुहार्ने, भागशान्ति जयनेपाल गर्ने चरित्रले राष्ट्रिय राजनीतिको स्वामित्व यी नेतृत्वको हातबाट फुस्किदै र खुस्किदै गएको छ । इमान र वीरताको पहिचान गुमाएपछि पहिचान गुम्छ, भविष्य अन्धकार हुन्छ, नेपालीको शिर झुक्छ । यतिबेला नेपाल र नेपालीको हालत यस्तै छ । उठेको शिर झुकेको छ ।

कांग्रेसको प्रजातन्त्र, माओवादीको सर्वहारावाद, एमालेको बहुदलीय जनवाद, राप्रपाको राष्ट्रवाद, रास्वपा, जसपा, नेकपा स र अनेक पार्टीका अनेक सिद्धान्तहरू रैथाने बासिन्दाको आस्था र संस्कारसहितका रीतिथिति मास्न चलाइएको छिपाको घ्याम्पो फुटेको हल्लाभन्दा बढी केही हुनसकेन ।

०५२ सालमा जनयुद्ध सुरू गरियो, १० वर्ष चल्यो । १७ हजार मारिए । जनयुद्ध सुरू गरेदेखि संसदीय ढोकाबाट संसद पसेर पटक पटक सत्ताको हालीमुहाली चलाउँदासम्म माओवादीले भनिरहेकै थियो- असमान सम्झौता खारेज गर्नुपर्छ, गोर्खाभर्ती रोक्नुपर्छ, अतिक्रमण हुन दिन सकिन्न । परिआए सुरूङ युद्ध गरिन्छ । १७ वर्षमा धेरैपल्ट माओवादी सत्तामा उक्लियो, अहिले पनि सत्तामै छ, रोल्पामा जन्मेको जनयुद्ध दिल्लीमा बिसर्जन भयो, नेतृत्व दिल्लीका सामु लम्पसार भए, खतरामा पारेको राष्ट्रियता बचाउन र राजनीतिका स्वामित्व देशभित्रै सुदृढ बनाउन केही गरेन । अरू दलसमेत माओवादीजस्तै विदेशीको तालमा रत्तिन पुगे । स्वदेश गर्वको विषय बन्न छाड्यो ।

२०६५ फागुन १८ गतेको जनदिशामा छापियो- प्रधानमन्त्री पुष्पकमल दाहाल र प्रवक्ता कृष्णबहादुर महरा -कान्तिपुर फागुन १३) ले भनेको छापियो- 'राष्ट्रियताविरूद्ध वैदेशिक हस्तक्षेप बढ्न थाल्यो ।' त्यसअघि असोजमै भारत पुगेका प्रम प्रचण्डले भनेका थिए- भारतसँग नयाँ युगको प्रारम्भ भएको छ । नयाँ युग कस्तो हो ? देख्न पाइएन ।

२०८० जेठ १७ गते प्रधानमन्त्रीकै हैसियतमा दिल्ली पुगेका प्रम प्रचण्डले भनेका छन्- भारतसँग ऐतिहासिक सम्बन्ध कायम भएको छ । यो कस्तो सुमधुर सम्बन्ध हो, नेपालको ६६ हजार हेक्टरभूमि अतिक्रमण भारतले गरेको छ, नेपालका लिपुलेक, लिम्पियाधुरा, कालापानीसमेत भारतले आफ्नो नक्सामा हालिसक्यो । यसबारे कुरै गर्न सक्दैनन्, नेपालका बुद्धिजीवी, संचेतनबर्ग, सत्ता, संसद र जनप्रतिनिधिहरू ?

खाली सत्ता र शक्तिकोमात्र चिन्ता ? नेपाली भूमि किन लुटियो ? सुशासन किन भत्काइयो ?, जनता किन अत्याचार भयो भनेर चिच्याइरहेका छन् ? शिक्षा, स्वास्थ्य, बन्दव्यापार, उद्यम, सुरक्षाको अवस्था किन बिग्रदै गएको छ ? कुनै विषयमा सरोकार नराख्नु लोकतन्त्र हो ? कहाँ छ लोकतान्त्रिक परिपाटी, नेतृत्वमा इमान ? पार्टी र नेताहरूको एउटै चासो छ- चुनाव जित्ने, सत्ता कब्जा गर्ने, एकदोस्रालाई पछार्ने, आफू सर्वैसर्वा हुने । सत्तास्वार्थमा अन्धो भएपछि नीति, सिद्धान्त गौण हुनेरहेछ, पार्टीहरूमा नीति सिद्धान्तमा भिन्नता नै बाँकी रहेन । सर्वहारा र प्रजातन्त्र लोकतान्त्रिक परिपार्टीका एक सिक्काका दुई पाटामात्र भएका छन् ।

हो, दोष जनताको हो । विकल्प नभएपछि जनताले गरून् त के गरून् ? यहीकारण हो, प्रत्येक चुनावमा यिनैले चुनाव जित्छन्, यिनै सत्तामा पुग्छन् । संसदमा यिनैको हालीमुहाली चल्छ । आउने दिनमा हुने चुनावमा पनि जित्ने यिनैले हो । चुनाव जित्ने, भ्रष्टाचार गर्ने, भ्रष्टाचारको पैसाले गरीबको भोट किन्ने, सत्ताको दुरूपयोग गरेर सत्तासीन हुने । राजनीति यही चक्रव्यूह बनेको छ ।

विकास र समृद्धि देखिएन, बिगत १७ वर्षमा यिनै नेताबाट देखिएको सत्ता स्वार्थ र भ्रष्टाचारमात्र हो । हरेक नेता जनताका घृणापात्र हुन् । एकाध बिरालाकोटीबाहेक स्वतन्त्र अथवा राप्रपा वा अन्य युवाले चुनाव जित्छन्, तिनलाई भूमरीमा पारेर यिनै षडयन्त्रकारीले राजनीतिक माकुरा जालोमा पार्छन् । हातमुख जोर्ने समस्यामा भएका जनताले विद्रोह गर्न सक्दैनन्, विवेकशीलहरू पार्टीका झोले बनेपछि राजनीति अपराधिकरण हुन प्रेरित हुँदै गएको छ ।

सोझा जनतालाई अनेकन सपना देखाएर र भारतको प्रत्यक्ष प्रेरणासहित भएको २०६३ सालपछिका सबै परिवर्तन बुलेट ट्रेनको गतिमा भयो, परिवर्तन जनताको जीवनचरित्र बन्न सकेन । लोकतन्त्र जनताको काँधमा अनावश्यक भारी थोपरिएजस्तो हुनपुगेको छ । चिन्ता कसैमा छैन ।

केहीवर्ष अघि जयनगरबाट जनकपुरतिर जानुपर्ने रेल एकदिन चालक बस्दै नबसी कुद्यो । धन्न त्यतिबेला ठूलो दुर्घटना भएन । त्यस्तै पारा छ नेपालको लोकतन्त्रको । चालक छन्, झगडा गरेर समय बिताइरहेका छन्, लोकतन्त्र मनपर्दी चलिरहेको छ । प्रष्ट कुरो के हो भने व्यवहारिक रूपमा लोकतन्त्र दुर्घटनाग्रस्त भइसक्यो । लोकतन्त्रका चालकहरू लोकतान्त्रिक सीमा-सन्तुलन र इमानमा छैनन् ।

हाटबजारमा मेला लाग्छ, बजार लाग्छ । जात्रे हुन्छन्, जात्रा देखिन्छ । लोकतन्त्रलाई राजनीति गर्छौं भन्नेहरूले जात्रा बनाइदिए । अदालतसमेत जात्रेजस्तो बन्नपुगेको छ । हामीले अपनाएको लोकतन्त्र रत्नपार्कमा चटकेले देखाउने चटकभन्दा भिन्न छैन । किनकि हुनुपर्ने केही हुन्न, नहुनुपर्ने सबै घटना दुर्घटना भइरहेका छन् ।

हाम्रा नेतृत्व धुलाघाटका हाट बाजारू जस्ता छन् । विदेशी आउँछन्, स्वार्थ लाद्छन्, हाम्रा नेताहरू दलाली भाग खाएर डकारिरहेका छन् । यिनका लागि राष्ट्रियता सत्ता स्वार्थभन्दा महत्वको रहेन । हामी समृद्ध बन्ने नारा लगाएर बिक्री हुदै गइरहेका छौं, सुशासनको कुरा गरेर कूशासित भइरहेका छौं । हामी लाइन लागेर बिदेशीने क्रम जारी छ, विदेशमा बेचिनु युवायुवती र ज्ञानको नियति बन्नपुग्यो ।

कति सोझा छन् नेपाली, नेतृत्वको नवाबी परिवर्तन कहिल्यै बुझेनौं । नेताका खोक्रा नारामा सुख र सपना सजाउने हाम्रो सरलपन हाम्रै लागि सराप बन्दै गएको छ । भन्नैपर्छ, लोकतन्त्र भिल्लका देशमा मणि भयो । व्यापारी नेताका लागि राजनीति व्यापार बन्यो ।

नागरिकका अनेक पीडा छन् । अन्यायले पारेका घाउ छन्, न्याय नपाएको छटपटी छन् । बेपत्ता र मेलमिलाप आयोगमा दर्ता भएका ६४ हजार उजुरीको चाङ एकातिर, सत्ताले दिएको सास्ती अर्कोतिर । विश्वभरि अधिकारकर्मीहरू दण्डहीनता अन्त गर भनिरहेका छन्, जन्मकैद पाएका व्यक्तिहरू आममाफी दिएर लोकनेता नामधारीले विश्वलाई नै जिस्क्याइरहेछन् । अदालतलाई पार्टीकरण गरेर आफैले बनाएको संविधानको समेत खिल्ली उडाइरहेका छन् । अर्थात् फेरि छिपाको घ्याम्पो फुटेको चर्चा चलाएर नौटङ्की गरिरहेका छन् । लोकतन्त्र लाखेनाचभन्दा बढी केही हुनसकेको देखिएन ।

जनयुद्धमा १७ हजार मार्ने माओवादी सत्तामा छ । ०२८ सालमा १४ जना गिड्ने एमाले प्रतिपक्षीमा । प्रजातन्त्रको बिडा उठाएको हामीले भन्ने कांग्रेस सर्वहारालाई बोकेर लोकतन्त्रको लाखेनाच देखाइरहेको छ । योभन्दा लोकतान्त्रिक हास्यब्यङ्ग अरू के हुन्छ ? लोकतन्त्रको १७ वर्षमा लोक आँखामा न फूल फुल्यो, न उज्यालो आयो । न निरङकूशता गयो, न अन्धकार युगबाट मुक्ति मिल्यो । परिवर्तनको नाममा पेण्डाराको बाकस खुल्यो, अनेक विषालु किटाणुले टोक्दा राष्ट्र र जनता असह्य सकसमा पो परेका छन्, जनताको सकस शान्त पार्ने, राहत दिने राजनीति छैन ।

यस्तो दुरावस्थाको छेकबार लगाउन नेतृत्व अनेक नाटक गर्छन् । छिपाको घ्याम्पो फुट्यो भनेर लोकका नजरमा भ्रमजालो बुन्छन् ।

निर्मला पन्तको बलात्कार र हत्याको अनुसन्धान हुनसकेन । गंगामाया अझै अनसनमै छिन् । उनको पतिको लाश किन ९ वर्षदेखि अस्पतालको फ्रिजमा छ ? जहाज खरिद, ओम्नी, सुन, ललिता निवास, शरणार्थी काण्ड अनेक छन्, सत्ता र अदालत अपराधीलाई सुनपानी छर्कने बाइसधारा बन्यो, दण्डसजाय सोझाका लागि मात्र हुनथाल्यो । समाज परिवर्तन गर्न राजनीति गर्नेले नै सुशासन भत्काएर देशलाई अस्तित्वको संकटमा पारिदिएका छन् । पहिलेका विद्वान भन्थे- इमान बेच्नुहुन्न, काम ठग्नु हुन्न, सत्य र सच्चरित्र अँगालेर संयमि बनेर समयको बेगलाई समात्नुपर्छ । यो सत्य कथा भयो । नेतृत्वले लोकतन्त्रलाई- खोटतन्त्र, खुनीतन्त्र, पहुँचतन्त्र, प्रभावतन्त्र, अयोग्य पुजित तन्त्र, नातावादतन्त्र बनाइदिए ।

भारतीय टीभी दुरदर्शनले १९८९ को मार्च महिनामा नेपाली ऋषिकेश शाहलाई 'फोकस' कार्यक्रममा बकायो- नेपालले आफ्नो सुरक्षा भारतको हातमा दिनुपर्छ, भारतीय सुरक्षा छाता ओढेर सुरक्षित बस्नुपर्छ । त्यसपछि बीबीसीले समेत नेपाल भारतमा मिलाउनु ठिक कि बेठिक भनेर मत सर्भेक्षण नै गरायो । ३ वर्षदेखि नेपालको कालापानी, लिपुलेक भारतले खाइदियो, हामी नक्सा समातेर बसेका छौं । स्वाधीनताको बहस नै नगरी नागरिकता बाँड्ने निर्णय गरियो, बितरण भइरहेको छ । नागरिकता विहारको आलुप्याज बन्नपुग्यो । यस्ता कमजोरीबाट कतै देश कमजोर हुने त होइन भन्नेतिर कसेको सोच पुगेन । सबैको चासो भारतलाई खुशी पार्नमै रह्यो । नाक काटेर अर्कालाई खुशी पार्दा आफू, आफ्नो पुस्तालाई के असर पर्छ भन्नेसम्मको हेक्का कसैले राखेनन् ।

तैपनि यिनीहरू भन्दैछन्, राष्ट्रवाद बलियो भयो । अर्थात् छिपाको घ्याम्पो फुटेको कथा हालिदैछ । नागरिकता बाँडेर राष्ट्रवाद बलियो हुने कस्तो कथा यो ।

आज त्यस्तो राजनेता को छ ? राजनेता बन्छु भन्ने इच्छाशक्ति कुन नेतामा छ ? हिजो थिङ्ग टेङ्ग थिए, देशका लागि थिङ्ग गर्थे । आज छिः छिः गनाउने छिपाको घ्याम्पो छ र घ्याम्पो आफैमा लठ्याउने तत्व हो । जो कुअन्न कुहाएको घ्याम्पोमा डुब्छ, उसले कसरी स्वच्छ थिङ्ग गर्न सक्छ ? आज थिङ्ग टेङ्ग छन्, ओपिनियन क्रियट नै गर्न सक्दैनन् ।

सन १७६५-१८६८ सम्मका अन्तिम पाटनका मल्लराजा तेज नरसिंह मल्लले ६ प्रधानलाई अघि सारेर शासन चलाएका थिए । राजा पाटन दरवारमा झुल्थे, ६ प्रधान शासनमा भुल्थे । ६ प्रधानले मन नपरेकालाई षडयन्त्र र चक्रव्युहमा फसाइ फसाइ आँखा निकालेका घटना पनि इतिहासमा बर्णित छन् । डरलाग्दा ती इतिहासका पानामा अङ्कित घटना र वर्तमान नेपाल, त्यो भोग्ने पीडितलाई थाहा छ । आमनागरिक ऐया ऐया भनेर चिच्याइरहेका छन्, सुन्ने कसले ? उही देउवा, ओली, प्रचण्ड, मधेसी नेताहरू छन्, जो स्वार्थको घ्याम्पोमै लठ्ठ छन् ।

मुगल सम्राट अकबरले आफ्नो दरवारमा नवरत्नमार्फत शासन गरेको इतिहास छ । अब्दुल मुवारक प्रधानमन्त्री, राजा तोडल मल अर्थ र वाणिज्य मन्त्री, अव्दुल रहिम खान रक्षा, राजा बीरबल विदेशमन्त्री, मुल्ला दो पियाजो गृह, फैजी शिक्षा, फकिर अजियो दिन धर्म, तानसेन संस्कृति, राजा मानसिंह सेनापति । अकवर र वीरवलका अनेक किस्साहरू अहिले पनि चर्चित छन् । नवरत्नको चर्चा राजनीतिमा ताजै छ ।

नेपालको सत्ता दरवारमा छिपाको घ्याम्पो छ, घ्याम्पो फुटेको कथा हालिन्छ । जनताको आँखामा भ्रम छरिन्छ र लोकतन्त्रको चीर हरण गरिन्छ ।



# जुम्लामा चिमारा मालिका र ठाकुरज्यू

**कौडिन्य पदम –**

जुम्ला जिल्लाको सदरमुकाम जुम्ला खलंगा बजारको पूर्व बग्ने तिला र जवा नदिको दोभानको सिधा माथि १२२९ फिट उचाइमा रहेको चिमारा मालिकाको चुचुरोमा पुगेर आखाको लेन्स घुमाएर हेर्ने हो भने, चौतर्फी हिमाल अनि पश्चिमतिर फर्केर हेर्ने हो भने जुम्ला जिल्लाको सदरमुकामको दृश्य अनि प्रसिद्ध चन्दनाथ र बटुक भैरबनाथ मन्दिरका ५२ हाते लिङ्गाहरूमा फरफराएका ध्वजा उत्तर तर्फको नागको आकृति जुम्ल्याहा डाँडा अनि चौतर्फी – विजयनगरदेखि पश्चिमेली गाउँ बस्तीका मनमोहक दृश्य हेर्ने र पर्यटकलाई वोलाउन विराज मान चिमारा मालिका जहाँ भोजपत्र खर्सु, लालीगुराँस अनि रङ्गी चङ्गी फूल एवं गलैचा विच्छाए जस्तो सुन बुकि अनि चुचुरोमा समथर भू-भाग छ ।

हाल जहां भेडा बाखा गाइ बस्तुको चरिचरन को थलो छ । जसका नजिकटेलिफोन टावर घरको दृष्य अनि लाखौ लाख जडिवुटीको भण्डार भएको पवित्र धार्मिक स्थल हो । चिमारा मालिका, जहां गाथमा पुग्न लगभग १०-१५ मिटर दुगाका खुल्कुड़ी (सिडी) बनाईएको छ । जस माथि चौरतर्फ ढुङ्गाको पर्खालले घरिएको मन्दिर छ त्यसको अझ भित्री भागमा सानो-सानो ढुङ्गाले चिनेको मन्दिर छ ।

जसलाइ काठ र माटो कुनै प्रयोग गरिएको छैन । जसको बाहिरपट्टि 'हंदी गोलाकार गुजम्ब' जस्तो आकार देखिन्छ । भने तलतिरको भाग चौकोसे आकारमा बनाइएको छ । प्रवेशद्वार उत्तरपट्टि छ । जसको स्थापना वा उत्पत्ति कुनै कुनै बखत यस ठाउंमा गोठालाले भेडा चराउंदा चराउँदै । गोठालोलाई गल्याई (थकाई लागे छ र थकाई मेटाउन त्यो गोठालो चौरमा सुती विश्राम गर्न लागेछ । सोही गोठालो सुतेको भूमिमा केही हल्लाएको जस्तो अनुभव भएछ । उसले यस्तो मध्यानी दिनमा यस्तो अचम्म के भयो होला । भन्ने ठानेर उसले जरूक्क ठाडो उठी यताउति चारैतर्फ हेरेछ, जसको नजिकमा कुनै वस्तु वा चिज देखेन र सोही बसेको स्थान र भूमिबाट एउटा सिला ढुङ्गाको मूर्ति बाहिर निक्दै उफ्री रहेको देखेपछि गोठालोले हेर्दा हेर्दै भगवतीको रूपमा पथ्थरको रूप लिएपछि ।

गोठालोले हल्लीखल्ली मच्चायो । यो खबर वनमा भएका सबै गोठालाहरूको घुइचो लाग्यो र साक्षत अष्टबाहु भगवतीको मूर्ति देखेर सबै गोठालाहरू छक्क परेछन् सोही भगवतीको मूर्तिलाई पहिलाको गन्तव्य स्थानबाट अलिपर लिन लाग्दा उक्त मूर्तिलाई सिन्को बराबर हल्लाउन समेत सकेनन् । सोही मुर्तिको जन्मभूमिमा पितलको आसनी बनाई मूर्तिलाई विराजमान गराए । उक्त मन्दिरको अलि तलतिर पानीका धाराहरू छन् । उक्त मन्दिर निकै टाढा भएकोले श्रद्धालु भक्तजनहरू दिनहुँ गएर पूजा आजा गर्न सम्भव नदेखिएकोले त्यहाँ श्रावण शुक्ल चतुर्दशी दिनका राती भव्य पूजा वा मेला लाग्दछ । जहाँ जुम्ला जिल्लाको अधिकांश श्रदालु भक्तजन एवं जुम्ला जिल्लाका कार्यालयका मर्कचारीहरूको भव्य भिड लाग्छ । आफ्नो परम्परा अनुसार लोक नृत्य एवं भजन गाएर विहान त्यो धारामा स्नान गरी फूलपाती अक्षता द्रव्य हातमा दिएर श्रदालु भक्तजनहरू आफूले चिताएको वरदान मागरे घरतिर फर्कन्छन् । यो धार्मिक स्थल पनि जुम्लाका स्थल मध्ये एक प्रमुख स्थलको रूपमा चिरपरिचित छ ।

४१ सय मीटर उचाईमा ठाकूरज्यू मन्दिर

चार हजार ६ सय मिटर उचाईमा रहेको विष्टज्यू, ठाकुरज्यू, मन्दिरमा ठाकूरज्यू, विष्टज्यूको मूर्ति पुऱ्याइएको हो । बर्षमा ८।९ महिना हिउँ जमेको स्थानमा उक्त मुर्ति लगिएको छ । ठाकूरज्यूमा २ सय ११ कुन्टल र विष्टज्यूको मन्दिरमा २ सय २६ कुन्टलका पत्थरको मूर्ति पुऱ्याएको हो । यो तिर्थ स्थल जुम्लाको दक्षिणी भेग जाजरकोट जिल्लाको सिमानामा पर्दछ ।

जुम्ला प्राकृतिक सौन्दर्यले भरिएको अत्यन्तै सुन्दर जिल्ला जुम्ला हो। जहाँका हरेक डाँडा पाखामा चुचुराहरूमा प्राचीनकालदेखी देवदेवीहरूका वासस्थानहरूले मनमोहक देखिने यो जुम्लाकै अत्यन्तै आकर्षण धार्मिक स्थलहरूमध्येकै एक प्रमुख धार्मिक स्थल मानिने यो ठाकलज्यू मन्दिर समुन्द्री सतहदेखि करिव ४५०० सय मि. उचाईमा रहेको यो मन्दिर चरितर्फ हरियाली डाडाकांडा र पाटने पाटनले भरिएको यो मन्दिरको चौतर्फी नेपालवाट अति दुर्लभ हुन लागेका हजारौ हजार बहुमूल्य जडीबुटी र मृग कस्तुरी अनि हजारौ हजार फूल अनि त्यो सुनबुकी र डाँडाकाडा भरी भेडा बाखा चौरी घोडा घोडी त्यी रही यही फूलमा र सुनबुकीमा परेड खेलीरहेको दृश्यले पनि यो ठाउँ उत्तीकै चर्चा पाएको छ । यो ठाकुरज्यूको मन्दिरलाई आस्था र विशेष महत्वको विषयमा अध्यान अनुसन्धान गर्ने हो भने यो ठाकुरज्यू गाथ देश विदेशका पर्यटक एवं भक्तजनहरूको लाम लाग्ने एक महत्वपूर्ण देव स्थल हो ।भक्तजनहरू यस देवभुमीमा पाईला टेक्दा आत्म सन्तोष भएको महशुस गर्दछन् जहां भगवान शिव पार्वती, विष्णुका वासस्थान रहेको यो पूण्य भूमिमा श्रावण शुल्क पूर्णिमामा भव्य मेला लाग्दछ । ठाकूरज्यू भन्नाले स्वामी कार्तिकेलाई भन्ने गरिन्छ । यहाँ भक्तजनहरूले आफ्नो मनले चिताएको वर पाउँछन् जहां, सन्तान, गाई, वस्तु, विद्या, धनसम्पतीको वरदान माग्ने, भक्तजनहरू श्राद्धाका साथ त्यस पावन भूमिमा जान्छन् जहां ठाकूरज्यूबाट सायद मागेको वरदानबाट कोही पनि भक्तजन रित्तो हातले फर्किनु पर्दैन होला। यही नै यस पवित्र देवस्थलको विशेषता हो । जुन तिर्थस्थलमा जांदा विष्टज्यूको दह भएर जानुपर्दछ जहाँका रैथाने पुजारी न्यौपाने नै छन् सो मन्दिरमा प्राचीन कालका मूर्तिका प्रमेश्वर ठाकूरज्यूको जयजयकार बोलाउदै चर्तुदशीका बेलुका ठाकरज्यूको गाथमा पुगिन्छ जहाँ स्थानीय लोक लयमा आरती, मागल र चुट्कीनाले सो राती त्यो पुण्य भूमिमा रमाईलो गरिन्छ विष्टज्यूबाट करीब पौनी १ घण्टामा विष्टज्यूबाट हिडेर त्यहाँ पुगिन्छ । त्यस ठाकूरज्यू मन्दिरमा करीब ६० मीटर लम्बाई भएको ताल दह र पश्चिमी किनारतिर भगवान स्वामी कार्तिकको मन्दिर अवस्थित छ र सो मन्दिरको माथि डाडामा ठाकुरज्यूको गाथ रहेको छ । जहाँ ठाकूरज्यू विराजमान रहनु भएको छ। ढुंगे ढुंगा र चट्टानले मनमोहक दृश्यले घेरिएको समथर मैदान छ भने जसको ठिक पूर्वतर्फ कैलाश पर्वत छ । जहाँ भगवान शिव पार्वतीले सेतो दोलाई ओडेर राजभएको दृश्य देख्न पाईन्छ तर त्यहाँ जान सकिदैन जो गलभग ४८०० सय मिटरको उचाईमा रहेको छ । जहाँ प्रस्थान गर्न २ दिन लाग्दछ । कुनै पनि यात्रु वा पर्यटक यस स्थलमा पुगेपछि आफ्ना जीवनका हरेक पक्षलाई एक छिन भुली रहन्छ । जहाँ भाद्र श्रावण महिना बाहेक अन्य महिना जान सक्दैन, किनकी हिमपात र चिसो अति हुन्छ । यस पावन भूमिकों अनुसन्धान र अध्ययन गर्ने हो भने हजारौ हजार ज्ञान र अनुभव बटुल्न सकिने यो धार्मिक स्थल जुम्ला जिल्लामै एक महत्वपूर्ण स्थल हो जहाँ देशी तथा विदेशी प्रर्यटकहरूको आकर्षण बिन्दु हो ।

# बालबालिकामा मोवाइलको दुस्प्रभाव



***देवी काफ्ले*** – बिज्ञान र प्रबिधि हरेक मानिसलाई जोडेको छ । प्रविधिबाट कोही पनि भाग्न सक्दैनन् । मोबाइलको व्यापक प्रयोग हुन थालेपछि मान्छेहरूको ब्यवहार परिवर्तन भएको छ । यसको प्रत्यक्ष असर बच्चामा परेको छ । मान्छेहरू आजकल एकल परिवार बस्न रूचाउँछन् । सानो परिवार रूचाउँछन् । प्रबिधिमा ब्यस्त रहन रूचाउँछन् । प्रविधिले मानिस मानिस जोड्यो, यो जोडनले बालबालिकामा दुस्प्रभाव पारेको विषयमा हामीले कति सोचेका छौं, बिचारेका छौं ? किनकि आजका बालबालिका नै भोलिका कर्णधार हुन्, कर्णधार निर्बल बन्यो भने घर, समाज, देश कसरी मजबुत हुनसक्छ ? यो विषयमा चिन्तन गर्न अबेर भएन र ?

बालबालिकासमेत एकान्त मनपराउन थालेका छन् । जुन बेला पनि घोप्टिएर मोवाइलमा मस्त ब्यस्त हुन चाहन्छन् । उनीहरूलाई केही भन्यो भने डिस्टर्व अनुभूत गर्छन्, रिसाउँछन्, चिडचिडाहट व्यवहार देखाउँछन् । यस प्रकारले मोवाइलको दुस्प्रभावका कारण कतै हामी आउने पुस्तालाई दिग्भ्रमित त पारिरहेका छैनौं ?


बालबालिका हुन् कि हुकिएकाहरू एक्लोपनमा रहन चाहन्छन् । त्यहि प्रक्रिया चलिरह्यो भने डिप्रेशनमा जाने खतरा पनि उत्तिकै हुन्छ । आँखामा खराबी आउन सक्छ । सम्झाउन खोज्यो, बालबालिका तपाईलाई के थाहा छ भन्छन् । घरमा बुढापाकाको कुरा सुन्न कसैले चाहँदैन । पुस्ता ग्याप हुनथालिसक्यो । ईन्टरनेटको पहुँच नागरिकमा बढ्दै जाँदा बालबालिकाले पढाइ तर्फ ध्यान जान छाडेको छ । शिक्षाको गुणस्तर बढ्नुपर्नेमा मोवाइलको दुरूपयोग बढ्दा सानैदेखि सामाजिक मर्यादा, पढाइमा ध्यान सबै नष्टभ्रट हुनथालिसकेको बुझेकै छौं ।

ईन्टरनेटको प्रभावले नै बच्चाहरू अपराधीक कृयाकलापमा लागेका समाचारहरू आउन थालेका छन् । बलात्कार तथा हत्यामा संलग्नता देखिन थालेका घटनालाई हेरेर सुनेर पनि हामी नदेखेजस्तै अन्जान बनेर बस्यौ भने भोलीको अवस्था के होला ?

सबैभन्दा ठूलो घातक स्थिति त ईन्टरनेटमा ब्यस्त बालबालिकाले हाम्रो संस्कार जान्ने मौकै नपाउने भए । बिदेशी संस्कारलाई खुशिसाथ अवलम्वन गर्न मन पराउछन् । हाम्रो आफ्नो संस्कार उनिहरूलाई नाटक लाग्न थाली सकेको छ । सहयोगी भावना त बिल्कुलै दुर भैसकेको छ । काम बिना जीवन धान्न मुश्किल छ।परिवारको एक सदस्यको कमाईले मात्रै घर चल्दैन।श्रीमान श्रीमती दुवै काममा ब्यस्त हुनुपर्छ । यस्तो बेलामा बच्चालाई भुलाउने एक मात्रै उपाय मोबाइल बनेको छ । यसरी बच्चाको साथीकै रूपमा मोबाइल भएपछि उसले आफन्त, छिमेकी चिन्ने सम्भावना नै भयन।बेलुका परिवारका सदस्य जम्मा भएपछि पनि आआफ्नो मोबाइलमा ब्यस्त हुने प्रबृतिले पनि बच्चा एक्लिएका हुन्छन् ।

आजको घर घरको यक्ष प्रश्न भनेको कसरी सुधार्ने बच्चालाई ? भन्ने हो ।

सुधार्नुपर्ने कुराहरू धेरै छन् । बच्चालाई सुधार्न परिवारका ठुला सदस्य सुध्रिनु जरूरी छ । दिनभर काममा गयपनि बेलुका सबैसँगै बसेर कुरा गर्नु, आआफ्ना कामका अनुभव सुनाउनु, बच्चाहरूलाई रमाइला कथा सुनाउनु, ईतिहासका कुराहरूलाई कथाको रूपमा सुनाउने गर्नुपर्ने हो । अभिभावकको ध्यान यसतिर छैन । कसैलाई एकापसमा घुलमिल हुने फुर्सदै छैन । चाडपर्व, सांस्कृतिक कार्यक्रमहरूमा सकेसम्म बच्चाहरूलाई सामेल गराउने काममा पनि कमी आएको छ । सबैभन्दा महत्वपूर्ण भुमिका पारिवारिक जमघटको रहन्छ । आजैबाट बच्चाप्रति ध्यान बढाउने हो भने पनि उनिहरूको ब्यवहार परिवर्तन पक्कै हुनसक्छ । यसतिर सोच्ने कि ?



# मुस्लिम देशमा हिन्दु देवता

श्रीगणेशको नोट चल्ने मुस्लिम देश इण्डोनेशिया । गणतन्त्र इन्डोनेसियाको विश्व सम्पदा बोडोबुडुर चैत्य बनाउने योजनाकार तथा वास्तुविद् ललितपुर, नेपालका कवि गुणधम (गुणभद्र) हुन् भनिन्छ । गुणधमबारे बुद्धमार्गी केही बताउँदैनन्, उनका बारेमा अहिले सम्म कुनै खोज अनुसन्धान पनि भएको छैन । ८औं देखि १२औं शताब्दी वीच इन्डोनेसियामा हाम्रा पुर्खाको उत्कृष्ट योगदानका विषयमा हामी नेपालीले विशेष जानकारी नै नपाएपछि कसरी गर्व गर्ने ? इण्डोनेसियामा हिन्दुत्वबारेमा अनेक सम्पदाहरूको संरक्षण गरिएको छ । यथार्थमा इण्डोनेसियाको पर्यटन उद्योग नै हिन्दु सम्पदाका कारणले गुलजार छन् ।

इण्डोनेसियामा रहेका अन्य हिन्दु सम्पदाहरूको नेपाल सरकार र नेपाली विद्वानहरूले अध्ययन अनुसन्धान गरी हिन्दुसमुदायलाई मात्र होइन, विश्वसामु पुऱ्याउन सके नेपालमा समेत पर्यटन उद्योगलाई टेवा मिल्नेछ, हिन्दुत्वका बारेमा सबैले जानकारी पाउनेछन् । यद्यपि आवादीका हिसावले इण्डोनेसिया विश्वकै ठूलो मुस्लिम देश हो । संस्कृति हिन्दु छ । ८८ प्रतिशत इस्लाम, बौद्ध, हिन्दु २ प्रतिशत रहेका छन् । तर यहाँ हिन्दुत्वको असर घर घरमा देख्न पाइन्छ । महाभारतकालका अर्जुनलगायतका ठूला ठूला सालिकहरू सडक सडकमा देख्न पाइन्छ । रामायण, महाभारतकालीन संस्कृति मञ्चन गरिन्छ । हिन्दुत्वको प्रभाव बढी बाली टापुमा देखिन्छ । इण्डोनेसियाको २० हजारको नोटमा आज पनि गणेश भगवानको फोटो छापिन्छ ।

इण्डोनेशियाको पुरानो साम्राज्यको नाम श्रीविजया और गजाह मधा आदि थियो । इण्डोनेशियाको ।भषा बहासा हो, संस्कृतको विशेष प्रभाव छ । सुकार्णोपुत्री जो इण्डोनेशियाको पाँचौं राष्ट्रपति पनि बनेकी थिइन् । उनी संस्कृतमा बहस गर्न सक्छिन् भनिन्छ । इण्डोनेशियाली आज पनि महाभारत र रामायणको चर्चा भयो भने यी ग्रन्थ हाम्रो हो भन्छन् । पर्व पर्वमा विचित्रखालको पौराणिक झाँकी निकालिन्छ, कौरव, पाण्डवमात्र होइन, हनुमान जात्रा पनि देख्न पाइन्छ ।

इण्डोनेशियाली यो धर्ती भगवान रामको जन्मभूमि हो भन्छन् । मुसलमानहरू भारतकै बाटो इण्डोनेशिया पुगेका रहेछन् । पहिले साह्रै उदार मुस्लिम थिए, बिस्तारै कट्टरवाद आउन थालेको देखिन्छ । प्रसिद्ध फ्रान्सेली इतिहासकार पॉल सीडीसले केही वर्ष पहिले लेखेको पुस्तक- द हिंदुआइजूड स्टेट्स ऑफ साउथईस्ट एशिया मा श्रीविजया र यवद्वीप (जावा) को नाम छ, जो आज इण्डोनेशियाको एक भाग हो ।

इण्डोनेशिया १४औं शताब्दीसम्म हिन्दुराष्ट्र थियो । ७औं शताब्दीतिर राजा बौद्धराष्ट्र बनाउन चाहन्थे तर व्यापारीको रूपमा पसेका मुसलमानले गरीबहरूलाई सहयोग गर्न थाले, धर्मबिस्तार गर्न सुरू गरे । १५औं शताब्दीमा मुस्लिम समुदाय बलियो भइसकेको थियो । यसरी वर्तमान इण्डोनेशिया धर्म मुस्लिम, संस्कृति हिन्दुका रूपमा स्थापित रहेको छ । अचम्म त के छ भने मुस्लिमले हिन्दु, बौद्ध मठ मन्दिरमा कुनै पनि हानी नोक्सी गरेनन् । सबैलाई आआफ्नो धर्म मान्ने छुट छ ।

# यो त कानुनमाथि अन्याय भएन र सरकार ?




ल्हारक्याल लामाले पद पाए, सरकारले नियुक्त दियो । योग्य भएर नै दियो होला तर मन्त्रीले हाम्रो पार्टीको कार्यकर्ता भनेर डाम्दा योग्य र काविल व्यक्तिहरूमाथि विभेद भएन र ? सरकारमा बसेर योग्यलाई हेर्ने कि पार्टीका मान्छेलाई ?

प्रश्न उठ्यो । यस अघि पनि धेरै नियुक्तीहरूमा प्रश्न उठेका छन् । कि त नातेदार, कि त पार्टीका कार्यकर्ता, कि व्यभिचारपूर्ण लेनदेन । यसरी कसरी देशको लोकतन्त्र संस्थागत हुनसक्छ । माओवादीले नसोचे अरूले सोच्लान् र ?

खेम्पो छिमे छिरिङ्ग ल्हारक्याल लामा लुम्बिनी विकास कोषको उपाध्यक्ष नियुक्त हुनु भएकोमा हार्दिक वधाई तथा शुभकामना ।

बौद्ध दर्शन तथा सनानत धर्म संस्कृतिका विषयमा लामो समय देखि संसारका विभिन्न विश्वविद्यालयमा प्रध्यापन गर्दै आउनु भएका अत्यान्त विद्धान व्याक्तित्व माथि इशाईहरूको लगानीमा हिलो छ्याप्ने र दुस्प्रचारमा संलग्न हुनेहरू प्रति दुख प्रकट गर्दछु ।यसपटक कांग्रेसीको सिंफारिसमा नियुक्ति भएको भन्ने कुरा विन्दुकान्तको संसारकै विद्वानलाई दिइएको बधाई र शुभकामनाबाट बुझियो ! ३/३ वटा देशको नागरिक हुने, लकरमा गोली राख्ने र अदालतमा ३ वटा फौजदारी मुद्दा विचाराधीन हुदा हुदै यो लठिभद्रे ककवाग्रेस पार्टीले के देखेर सिफारिस गरेछ ? अब हाम्ले पनि राजनीतिक नियुक्ति पाउन एक दुई जनालाई ढाल्नै पर्ने भयो त, प्रिय विन्दुजी सुझाव र सिफारिस दुइटै पाउन ! विपीले बनाएको पार्टी विपीसककगै स्वर्गवास गएछ । विपीले कककाग्रेसलाई खारेज गरिदिएको भए विपीको नाम यस्ता कुरामा मुछिने त थिएन गठबन्धन खुशी भएपछि विरोध हुँदैगर्छ

लुम्बिनी विकास कोषको उपाध्यक्षमा ल्यारकाल लामा नियुक्त भएपछि माओवादी पार्टीभित्रै पनि आलोचना सुरू भएको छ । माओवादी इतरमा त यो मुद्दाले माओवादी केन्द्र लोकतन्त्रविपरित मार्गमा हिडेको आरोप लागिरहेको छ र प्रधानमन्त्रीको आदेशमा ल्यारकाललाई नियुक्त गर्ने पर्यटन मन्त्री सुदन किराती भन्छन्- 'उहाँ हाम्रै पाटी केन्द्रीय सदस्य हो, परिआएको बेहोरौंला ।'

अर्थात माओवादी भेला बैठकले पार्टीलाई पार्टीजस्तो बनाउन सातै प्रदेशमा संगठन बलियो पार्ने र सुशासन दिने प्रस्ताव पारित भएको लगत्तै माओवादीले बैंकको लकरमा बन्दुक र गोली फेला पारिएका, दोहारो नागरिकता प्रकरणमा मुछिएका, बैदेशिक रोजगारीका आरोपित, विदेशी पासपोर्ट होल्डरलाई विश्वको शान्ति क्षेत्र लुम्बिनी, बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्रमा नियुक्ती दिएर ओवादी बैठकको निर्णयको कार्यान्वयन सुरू भएको रूपमा सबैले बुझेका छन् ।

माओवादी नेतृत्वको १० दलीय गठबन्धन सरकार सुशासन दिन यसरी अघि बढ्यो । १० दललाई समेत कतै यो नियुक्ती सार्वजनिक रूपमा बिझेको छैन । केहीले आलोचना गरे तर सरकारको समर्थन गर्न छाडेका छैनन् ।

यिनै लारक्याल लामा संविधान निर्मातासमेत बनेका थिए । सुरूमा कांग्रेस, पछि एमाले र अहिले माओवादी बनेका छन् । मन्त्रीले आफ्नै पार्टीको सदस्य भनेर सार्वजनिक रूपमा भन्दा समेत गठबन्धन सरकार खुशीसाथ सुनिरहेको छ । यसअघि राज्यमन्त्री समेत रहिसकेका लामा एमालेसँग पनि पूर्ण परिचित र माओवादी केन्द्रको केन्द्रीय सदस्य नै हुन् । उनी शक्तिबिना बस्न सक्दैनन्, शक्तिका लागि जतिसुकै चन्दा दिनसक्ने अकुत सम्पत्तिका मालिक पनि हुन् ।

लारक्याल लामालाई बधाई दिउँ । किनकि पार्टी शासनमा कसरी चल्नुपर्छ उनलाई राम्ररी थाहा छ । जतिसुकै बदनामी भए पनि ब्रिफकेशले सबै बदनामी छोपेर चोखो हुन सकिन्छ भन्ने राम्रो ज्ञान भएका व्यक्ति हुन् लामा । लुम्बिनीको विकास र शान्तिको चाहना पूरा लारक्यालबाट मात्र पूरा हुन्छ भन्ने विश्वास गठबन्धनलाई रहेको देखिन्छ ।

# Nepal : Summary failure of India's Neighborhood First Policy

*N. P. Upadhyaya (Aryal)*

*When India is around, one doesn't need an enemy. It is so believed across the Nepal and by extension South Asian popular maxim applies apparently to the entire smaller countries in South Asia that border India born in 1947 as the pains are almost the same. A close look at India's bilateral relations, at a given time, with individual countries gives a feeling that India is an enemy to these smaller nations.*

*All countries in this part of the world, the South Asian landmass, have at one time or regularly have experienced Indian expansionist and coercive behavior.*

*Why Bangladesh was fractured or say calculatedly split is not a guarded secret now. And why the last popular agitation erupted in Sri Lanka and the turmoil in the Maldives since two years or so needs no sharp brain to understand.*

*Bangladesh though has economically developed in a miraculous manner must be appreciated. Even a subjugated country can achieve such incredible economic success is certainly a matter of pride for others in South Asian countries.*

*By this time, perhaps it is B'desh alone in the entire South Asia that is on the path of becoming a sizable regional economic power after India. India lags behind B'desh.*

*However, if the Bangladeshi economy is at the top then, unfortunately, its core politics in Dhaka is being presumably controlled by New Delhi.*

*While talking of Delhi's visible interference in Dhaka's internal politics was best explained by a Bangladeshi scholar Zainal Abedin who in June 2020 at an international webinar held in Islamabad told straight that his country of late was plagued by the RAW menace and to do away with the so called hazard, Zainal demanded, that an effective coalition of some Muslim countries must be formed in order to curb the treat of the RAW spy agency of India.*

*Yes! On some opportune moments, Bangladesh appears close to Beijing; however, as and when coerced by New Delhi, Dhaka fears proximity with Beijing.*

*Yet Beijing has not lost its hope and, let's presume, and cares less of New Delhi's obstruction, it has already made considerable inroads inside Bangladesh through different development projects. Dhaka's fear is surfacial and Dhaka prefers Beijing over New Delhi.*

*Dhaka in effect prefers economic development of the country through the support of Beijing and the latter in turn with the tacit help of the Dhaka wants to expand the net works of its signature project coined as Belt and Road Initiative (BRI).*

*The Chinese envoy in Dhaka is comparatively active and smart.*

*China though worked hard to influence Nepal, however, because of the excessive Indian presence (influence), China has so far not been able to influence the Nepali leadership in a desired manner. It is simply because the Nepali leadership has a clear India bend and thus China fears of the "possible leak" of its bilateral conversation approaching Delhi the next moment.*

*Yet China has not lost its optimism in seducing Nepal. Very soon the sitting Nepali Prime Minister Prachanda is all set to land in Beijing. The Indian moles are everywhere who even control media organizations claimed to be close to Beijing.*

*In effect, it is these vibrant media men who play double and ditching mini China in Nepal.*

*Back to the point:*

*The Sri Lankan bloody tumult ended up with Indian Prime Minister Modi pressurizing the India bend (it is so believed in Nepal) newly appointed Sri Lankan President Ranil Wickremsinghe to award power projects to his Gujarati entrepreneur Gautam Adani — the most repulsive businessman of India whose intimate ties with Gujarati Prime Minister Modi has already become a curse, as laymen in India openly claim, to the entire countrymen.*

*Ranil is rumored to have been the Indian preference. However, this remains yet to be substantiated.*

*Highly placed sources in South Asia claim that PM Modi while meeting with the Sri Lankan President Ranil almost threatened him and instructed later to look into the problems of the so-called "ignored" Sri Lankan Tamils or else the country may again see the previous political turbulence which summarily deposed the Gotabaya Brothers.*

*For India, creating problems in the countries in the neighborhood is its habit. To recall, the Tamil Tiger militant issue that plagued the Island nation for three decades was the brain child of Mrs. India Gandhi and her son Rajiv Gandhi. The LTTE terror devastated Sri Lanka and yet the Sri Lankan economy showed rising trend against all the odds.*

*Nepal knows how India creates issues and problems and as a clever quack enters into the mayhem as an arbitrator and exploits the country for its political and security benefits.*

*The 12-point agreement signed in Delhi by Nepali leaders around 2006 is the root cause of Nepal's perennial political glitches. The 12-point agreement skillfully allowed India to overwhelm Nepali politics to be governed by India's 'trusted and tested' men since the ouster of the Nepali King.*

*Back to Sri Lanka:*

*President Mahinda Rajapaksa, to recall, had with the tacit support of China and Pakistan "eliminated" the three decades-long India-sponsored Tamil Tigers's demand for a separate Tamil land.*

*The LTTE leader Prabhakaran was, informed sources say, the brainchild of Rajiv Gandhi who was entrusted with the job of keeping Sri Lanka in perpetual instability.*

*The three decades-long LTTE terror in Sri Lanka ended in 2009 when China and Pakistan assisted President Mahinda.*

*To celebrate the event, the Kathmandu based Sri Lankan Ambassador ...Hewage... organized a brief press conference wherein the Sri lankan envoy expressed his happiness on the end of the terror once and for all.*

*Talking with this scribe some decades back in Kathmandu's Annapurna Hotel, the former Foreign Secretary of India Jyotindra Nath Dixit (late J. N. Dixit) had admitted that "sending the Indian Peace Keeping Force (IPKF) by New Delhi to Colombo was a historical blunder of India.*

*India has committed many such blunders after gaining independence that have disturbed the political stability of the countries that unfortunately border with India.*

*What PM Modi is in the eyes of senior congress leader Mani Shankar Iyer was best made known to the entire world when he talking to a media man in Delhi said brusquely that "PM Modi is nothing but a fool of the highest Order".*

*A small visual strip is making several rounds in social media including Twitter, both in Nepal and India, which has the insulting statement of Mani Aiyer on PM Modi.*

*PM Modi may be of high importance to the countries in the Quad plus France but the dream of Modi or for that matter of India to become a regional/world power will eventually be a distant dream as long as India is taken as a rogue regional power whose collective or even bilateral ties with individual countries in South Asia is as bad as could be registered.*

*In many more ways than one thus, India's fake "neighborhood first policy" will be a misnomer and nothing more than that.*

*Take, for example, the Maldives wherein India rules presumably through its High Commissioner who was being accused some time earlier that the Indian High Commissioner as a politico-diplomatic person prevails over the key political decisions of the Archipelago. Some time earlier there were reports that a sizeable section of common Maldivians came to the streets asking the Maldivian regime to halt the India's HC's excesses in an alien country's internal affairs. Abdullah Yameen, the former Maldivian President knows better what India means to the common Maldivians. To recall, some two years ago, the sensitive Maldivian nationals came out to the streets and chanted slogans like, "Indian Military Out" and the like.*

*This explains the Maldivian(s) wrath/hatred against India.*

*A Gujarati businessman Gautam Adani is so close to PM Modi that prompted even personality like George Soros, an American billionaire investor, to openly make a derisive statement stating that "Indian business tycoon Gautam Adani's recent troubles in the stock market would spur 'democratic revival in India' and Prime Minister Narendra Modi will 'have to answer questions.'"*

*Soros, in a speech at the Munich Security Conference, held February 7-19, 2023, said Modi would "have to answer questions" from foreign investors and Parliament on allegations the Adani group is facing".*

*Taking a jibe at PM Modi-Adani nexus, a Pakistan Observer wrote, February 22, 2023, that prominent financial investor George Soros while addressing the Munich Security Conference took up the issue of Indian Prime Minister Narendra Modi's secret relationship with his close ally and business tycoon Gautam Adani who was accused of stock manipulation and his stock collapsed like a house of cards." For the record, billionaire Soros, who has Jewish roots is a Hungarian-American national who recently accused that PM Modi and Adani were close allies and that PM Modi has been silent ever since Adani Enterprises was accused of financial irregularities." India's Godi media have been pouncing this old US national since then.*

*Several international agencies reported then that George Soros talked at the Munich Security Conference that the Modi-Adani nexus eventually will "significantly weaken Modi's stranglehold on India's federal government" and open the door to push for much-needed institutional reforms. "I may be naive, but I expect a democratic revival in India," said Soros.*

*In plain words, Soros, the founder of Open Society, hints that India is not even a democracy worth the name.*

*If Soros is to be believed then the Modi-Adani tie-up shall prove advantageous to Modi's immediate rival-Rahul Gandhi-the Indian Congress leader at the time of the approaching parliamentary elections in India.*

*So much so that, over these months and with Rahul Gandhi's solo campaign of "Unite India", Rahul's popularity across India has gone up as much as PM Modi's prestige has gone down.*

*Rahul is also popular in Nepal though the Nepali population still recall how Pilot turned India's Prime Minister has had damaged Nepal had imposed Economic Blockade on Nepal on March 23, 1989 ostensibly to teach a befitting lesson to sit Nepal King Birendra who had summarily rejected the idea of Gandhi in Islamabad for the formation of a mini SAARC within the seven-member SAARC itself.*

*PM Rajiv Gandhi was also annoyed with King Birendra for not allowing the Italy-born Mrs. Sonia Gandhi to enter the Lord Pashupatinath Temple.*

*The Temple of Lord Shiva is restricted to the entrance of men of other faiths and beliefs other than the Hindus.*

*However, save for a few tilted and bent political personalities for whom India is the source of their inspiration and a model to copy in their lives, India is simply great for these traitors.*

*Yet, some believe that barring a few remarkable achievements, such as the economy, over these decades after the "conditional independence", there is hardly a notable thing that one would feel excited and tempted to copy from neighboring India.*

*The men who love and honor India from the core of their hearts and more often than not hate Nepal comparatively forget the fact that entire worldly evils are being exported to Nepal through deliberately kept open international borders.*

*Not so many people may have noticed, however, the fact is that Indiahas been exposrting its nationals and we in nepal willingly importing those Indian nationals who in due course of time shall rule Nepal as bonafide Nepali citizens.*

*And this is what India wants ultimately.*

*It is this open border phenomenon which has over these recent decades swelled Nepal with illegal Indian immigrants who upon bribing some Chief District Officers in Nepal. Mostly the corrupt belong to the Brahminic tribe, who against a few thousand Nepali rupees award the "birth Citizenship Certificates" to the immigrants who later within a short span of some years overwhelm the population thereby scaling down the number of Nepali population.*

*This way, beginning in 1950 and with the borders kept open, a great demographic disaster has already approached Nepal which if not checked on time, would enhance or say speed up the Sikkimisation bid of India in no time.*

*Indian target is gulping Nepal when Nepal is being run by India's elevated rulers.*

*Our own prediction, stated many times in our previous issues, is that Nepal shall be declared a province of India by the early 2030s.*

*It may appear ridiculous and exaggerated, however, if one looks into the streets of Nepal across the country, hordes of Indian beggars/kawadi wallas/poverty-stricken families, the barbers, the carpenters, the plumbers and the men involved in building road constructions, all were from Indian cities who have almost taken over Nepali cities. It is no exagerration. There is nothing to hide.*

*Add to this the unrestricted inflow of the Indian films which is draining billions and billions of dollars each year.*

*And yet Indians say Nepal is poor!*

*Yes, I must admit that a few hundred thousands Nepali nationals reside in India but this figure has no impact on India's demographic structure. Indian population today runs in Billions plus.*

*Rough estimate is that the Indian illegal immigrants drain some 20 billion dollars annually from Nepal.*

*Visit the Temple of Lord Shiva in the morning, and look at how the Indian beggars terrorize Nepali nationals.*

*It is high time for India to give a real meaning and spirit to its neighborhood first policy so that the terrified neighbors could feels that what India says also brings into practice.*

*A word of deep appreciation to India and its fridly people:*

*Unless neighbors are contented, India's objective of becoming a global power will be just a day dreaming exercise.*

*Hearty Congratulations India: The Telegraph Nepal editorial team sends congratulations to the friendly people and the government of India for the remarkable success of India's Chandrayan Lunar Mission. As a close neighbor Nepal highly evaluates the strenuous efforts made by the Indian scientists at the ISRO-Indian Space Research Organization. With this success, friendly India is now the fourth nation to land on the Moon and the first to land near its south pole. India is now a recognized space power as Nepal's neighbor becomes the fourth nation to successfully land a spacecraft on the moon after the United States, China and Russia.*

*Anusuya Datta the Space news dated August 23, 2023, that "the flawless soft landing makes Chandrayaan-3 the first spacecraft to touch down on the moon's South Polar Region. The exemplary Indian high scientific achievement comes close on the heels of Luna - 25 space experiencing loss of control and subsequently crashing onto the lunar surface".*

*Congratulations India and Indian friends. Entire South Asia is proud of the miraculous achievement. It is now the turn of Pakistan to energise the neighboring South Asians through such a similar achievements that India has freshly bagged for itself. That's all.*

*excerpts:telegraphnepal*

# Smash And Grab

*By Sunanda Datta Ray*

Contd.... CHAPTER 7

The Dorji position was later to be further consolidated when Raja Sonam's beautiful younger daughter Ashi Kesang married King Jigme Dorji Wangchuck, the third Druk Gyalpo, and her brother-to be cruelly assassinated in 1964-became Bhutan's prime minister.


The British had styled the Bhutanese ruler Maharaja and granted him a 15-gun salute. When the treaty of Punakha was executed in 1910, Sir Charles Bell, then PO, informed London: "By one o'clock the signing and sealing of the treaty was over and Bhutan was incorporate in the British empire." Sir FJward Grey, then British foreign secretary, confirmed three weeks later: "That treaty puts Bhutan, as far as the conduct of its foreign relations is concerned, on the same footing with Sikkim, whose status is recognized by the wai-wu pu [as the Chinese foreign office was called after its reconstitution in 1900.]"2 Right up to 1940, the Memorandum on Indian Stales listed Bhutan with such minor principalities as Alwar. Dewas, and Jaisalmer. Ten years later. Sir Benegal Narsing Rau admitted in India's Constitution in the Making that "the precise status of the territory may be said to be left undetermined". We know that Nehru always bracketed together the two Himalayan kingdoms. But his successors recognized His Highness as His Majesty and posted a special officer in Thimpu in 1968.

The Chogyal knew that Bhutan's path had not. been easy. New Delhi had not been amused when the kingdom's national assembly, the Tsongdu, met in May 1960 to express reservations about Article 2 of the 1949 treaty which stipulated that "the government of Bhutan agrees to be guided by the advice of the government of India in regard to its external relations". The Dorjis had obtained assurances from several countries that they would recognize Bhutanese passports and stamps before India would yield to the fait accompli. The Chogyal's friend and cousin, Jigm ie Dorji, was killed under circumstances that were never fully explained. His younger brother, Lendhup, and sister, the indomitable Ashi Tashi, were forced to flee to Nepal; and Queen Kesang was all but supplanted "by the king's Tibetan mistress whom the Indian authorities inexplicably treated to royal honours. Bhutan's emergence to full sovereignty was not without travail.

New Delhi's tepid support for the 1965 international convention on the transit trade of landlocked countries was explained by fears of the benefits that might be demanded by the three Himalayan kingdoms. Considerable pressure was exerted three years later to exclude Bhutan from the Vienna conference on the law on treaties. Among the topics on the agenda was the Vienna convention's provisions for the denunciation, suspension, and termination of unequal agreements. If knowledge of this right had carefully to be kept from the Bhutanese, it had to be concealed no less scrupulously from the Sikkimese.

The durbar learnt during the Kagyet dances that India and Bhutan were about to exchange accredited envoys, and that the PO, already bereft of Tibet, would now lose jurisdiction in Bhutan. It had heard only two weeks earlier of Thimpu's application to the UN secretary-general. The effect was electric. Jigdal Densapa had studied international law at Exeter. An Australian diplomat once described him as the only modern man in Gangtok. Meticulous in speech, punctilious, even cautious, to a fault, the Chogyal's bachelor secretary was entirely dedicated to his master's cause. With a thorough grasp of diplomatic etiquette, he understood the implications of the agreement on envoys. The Sikkimese could not but contrast this concession to Bhutan's status with the ungraciousness with which their own king was treated a few months earlier when King Birendra of Nepal was married. The Chogyal refused to go because, acting on New Delhi's advice, Kathmandu decided to seat him with heads of government and not of state. Three Sikkimese councillors were given ministerial rank and sent instead, but as an India House official caustically pointed out, the elevation could not mean anything since Sikkim did not have a ministry. tobe continue...

# नेपालको भूबनोट नै विशेष छ


डा. शास्त्रदत्त पन्त

हाम्रो भूबनोटमा हजारौं लाखौं वर्षदेखि संस्कार यसरी नै चलिआएको छ । शिक्षा ज्ञानको पद्धति पनि गुरूकुलीय पद्धतिबाट त्यसरी नै चलेर आएको हो । भूले अँगालेको संस्कारलाई छाडेर हामीले एकाएक पश्चिमी औद्योगिकरणको रूपमा परिणत गरेर गयौं भने त्यो गलत हुने छ । आज नपालीले सबै खेतमा मेवा, धान, वा आँपको मात्रै खेती गर्न थालेका छौ, कृषिलाई उद्योग बनाएका छौ., अनि त खरबौंको कृषि आयात गर्नँ परेको छ । त्यसले न बजार पाउँछ न हामीलाई पर्याप्त अन्न पुग्छ । खालि हाम्रो वल्लोपल्लो घरबिचको सहकार्य पनि हराउँदै गएको छ । सट्टपट्टा अैंचोपैंचो पनि मासिएको छ ।

फेरि प्राच्य कृषिले व्यवसायिक काम गर्ने समाजका अरू सबैलाई पाल्दछ । फलामका, तामाका भाँडा औजार बनाउने कामीको परिबार पाल्दछ । जुलाहा, बुनकर, छिपा आदि सिपालालाई पाल्दछ, कपडा सिउने र चर्मकरको परिबारलाई पाल्छ, खनेल पुनेललाई पाल्छ । गीत गाउने गाइने वा माटा, ढलाटेका भाँडा बनाउनेलाई पाल्छ । कृषकले ठुलठुला विश्वविद्यालय, विद्यालयका शिक्षक र बिद्यार्थीलाई पाल्दछ, कविराज वैद्यको परिबार पाल्दछ । शिक्षकले निशुल्क शिक्षा दिन्छन्, कविराजले निशुल्क उपचार गर्छन् । यसरी समाजको राज्य व्यवस्थाको चक्र चल्दछ । यी सबै अन्य सेवादिनेको जनसंख्या २५ प्रतिशत जति हुन्छ ।

हामी अथवा हामी जस्तो विकासोन्मूख देशहरू जतिपनि छन् ती चाहिँ भौतिकवादी सोच भएकोले अभौतिकवादी सोचमा गड्दै गरेको जरा हो । जसरी पनि कमाउनु पर्छ भन्ने सोचको लदान हो । परिबारिक एकता खलबल्याएरू एकल व्यक्तिबादी बनाउने षडयन्त्र हो । आफूलाई पुग्ने उत्पादन गर्ने, उच्च स्तरीय परिवार बनाउने, चाहिनेभन्दा बढ्ता लोभ गर्नुहुन्न भन्ने प्राच्य संस्कार हो । हामीले ज्ञान गुमाएकोले दास बन्दै गएका मात्र हौं ।

अहिले आएर नेपाल विश्वब्यापार संगठन (डब्लुटीओ)को सदस्य बन्यो । यस बिच जनसंख्या जति बढेको छ कृषि बढेको छैन । जग्गा पनि बढेको छैन । अब कृषिलाई बढी उत्पादन गर्ने बनाउने हिसाबमा पाश्चात्य सल्लाहकार आएर नेपाललाई विश्व ब्यापरको सदस्य बनाए, सिचाईँलाई अनुदान दिन पाईँदैन भनेर उर्दीजारि गरे । किनभने त्यो उनीहरूका लागि त्यो उद्योग हो । त्यहाँबाट त कमाउँछन्, अनुदान दिन हुँदैन भन्दछन् । मल बिउ खेती लगाउने पद्धति जस्तालाई अनुदान मान्दैनन् । खानेपानीका सार्बजनिक धार समेत हटाएका छन् । खास गरेर २०४७ साल पछिको कृषिलाई हेर्ने हो भने कृषिको स्तर गिर्दै गएको छ । कृषिले नेपालको जनसंख्यालाई खान नपुग्ने अवस्थामा ल्याएको छ । किनभने पाश्चात्यहरूका कृषि नीति लागू भएका छन् । नेपालको कृषि बिज्ञानले त्यस्तो संस्कारलाई बढाएको भए आजसम्म नेपालको कृषि आत्मनिर्भरबाट निर्यातमुखी सिचाइँ त उद्योग होको हुने थियो । सम्बत २०४०-४५ सालसम्म नेपाल जसरी कृषिमा आत्मनिर्भर थियो आज झन माथि पुग्थ्यो । तर पाश्चात्यहरूको सोचलेगर्दो नेपालको कृषिलाई गिराउँदै गएको छ ।

जसरी हरेक व्यक्ति अर्को व्यक्तिसँग आकारमा, बोलीमा, हस्त रेखामा, शरिरको बनोटमा फरक हुन्छ; मिल्दैन ठीक त्यस्तै गरेर राजनीति, धर्मनीति, संस्कार, संस्कृतिको सोच पनि देशदेशको फरक हुन्छ । आफ्नो आवश्यकता अनुसार त्यसले संस्कार बनाएको हुन्छ । तिब्बत वा हिमवत् क्षेत्रका मानिसले लगाउने कपडा र तराइका मान्छेको कपडाको संस्कार नै बेग्लै हुन्छ । त्यो आवश्यकताले बनाइएको हुन्छ । त्यस्तै भूमि, कृषिका कुराहरू हरेक देशले खाँचोअनुसारको बनाएन भने सबै पक्ष असफल हुन्छन् । विदेशी सल्लाहकार, विदेशी अनुदान, विदेशी संस्कार, बिदेशी ससर्त सहयोग, बिदेशी प्रबिधिले महत्वपूर्ण संस्कारलाई भङ्ग पारिदिन्छ । अफ्रिका पूर्णपतन भैसकेको छ । पछि लागेका विश्वका सबै देश पनि गिर्छन् । विश्वका सबै धन प्रथम विश्वका थोरै मुलुकमा केन्द्रित हुन्छ ।

अहिले हाम्रो कृषि बिग्रिनुको कारणमा पश्चिमाले लादिएकोले हो । उनीहरूले गाई गोरू बेच्न लगाए र अनेक खाले कृषि औजार बेचेर पैसा बोकेर फर्केका छन् । नेपाली रोजगार बिहिन भएका छन् । यो ‘म्याकनाइजेसन’ हुन सक्ने अवस्थामा छैन (जससलाई मैले व्यवस्थित बस्ती पद्धतिमा विस्तार गरेको छु) । व्यवस्थित बस्तिमा चाहिँ खेति गर्ने जग्गा छुट्टिन्छ, आवासको जग्गा छुट्टिन्छ । कुन ठाउँमा कस्तो खेती गर्ने भन्ने किसिमको हुन्छ । एउटा परिवारलाई कतिले पुग्छ, कति जग्गा चाहिन्छ, त्यसलाई परम्परागत बनाउने कुरामा कसरी लैजान सकिन्छ, हाम्रै प्रविधिलाई हाम्रो तरिकाबाट सुधार गरेर कसरी लैजान सकिन्छ, ‘इन्सेक्टीसाइड’, ‘पेस्टिसाइड’, ‘फर्टिलाइजर’ र ‘हमोर्न’हरूलाई कसरी निषेध पारेर लैजान सकिन्छ, हाम्रो वैदिक कालदेखि सञ्चालनमा ल्याएको प्रांगारिक खेतीलाई निरन्तरता दिएर कसरी महङ्गोमा निर्यात गर्न सकिन्छ त्यो हाम्रो प्रविधिबाट गर्न सकिन्छ । रसायनिक मलवस्तुहरू, बिषादि र हर्मनहरू हाम्रो माटोले स्विकारेको छैन । त्यसलाई फेरि पुनःस्थापन गर्नुपर्ने बेला आएको छ । हामीले नै नगर्ने हो भने अब ढिलो हुन्छ ।

अब हाम्रो प्रविधि र दर्शन ठीक कि पश्चिमाको भन्ने बहसमा प्राच्य ठीक हो भन्नेतिर पश्चिमाले पनि महशुस गरिसकेका छन् । जस्ले प्राच्यको कुरा बुझ्न सके, उनीहरूले विषादीहरू ब्यान्ड गरेर प्रागाणिकतिर लागिसकेका छन् । डिडिटी, फलिडल जस्ता विषादिहरू ब्उत्पादननै बन्द गरिएका छन् । तर केहीले भने तेश्रो मुलुककालागि भनेर उत्पादन गरिरहेका छन् । त्यस्ले ‘ब्ल्याक रेन’, ‘एसिड रेन’ भइ राखेको छ । प्रदुषण बढाउने बाहन बनाइ रहेका छन् । उनीहरूले रासायनिक मल उत्पादन पनि बन्द गर्ने अवस्थामा छन् । अब पश्चिमाले नै अर्गानिक खेती भनेर नारा लगाएका छन्, नेपालीले पनि अर्गानिक खेती थालेका छन् तर राज्य मौन छ । नेपालमा ज्ञानचेतना नभएकाहरूले राशायन विषादि प्रयोग गर्न पनि छाडेका छैनन् । तर आफ्नै पुस्ताले गरेका कुरा थाहा छैन । अहिले पश्चिमाले अर्गानिक गर्न थाले तर हामीले रसायन प्रयोग गरेकै छौँ ।

अब कस्को राम्रो भन्ने कुराको प्रतिस्पर्धा पनि सकिएको छ । पश्चिमा इस्कनहरूले त ट्रेक्टर छोडेर गोरूले जोत्न थालेका छन् तर हामीले हाम्रै ज्ञान बिर्सिएका छौँ । किनकि हामीले ज्ञान नभएको पश्चिमा शिक्षापद्धतिलाई अँगिकार गरिरहेका छौं । भौतिक उपभभोक्ताबदलाई अँगालि सकेका छौ । हाम्रो शिक्षा पद्धति, सामाजिक पद्धतिलाई पनि सुधार गर्नु पर्ने भएको छ । त्यो सुधार पनि हामीले नै सुधार्नु पर्ने हो । त्यसो नगरेर हाम्रोलाई अर्काले सुधारिदियोस् भन्ने अपेक्षा गलत हो । यहि कारणलेगर्दा हामी यता न उताका भएका छौँ । सही त पूर्वजको तपज्ञानले खोजेको तत्व हो । पूर्वजले त खानपान विग्रे मानसिक सोचमा परिवर्तन आउने, अपाङ्ग हुने, बौद्धिक र सामाजिक स्तर गिर्ने कुरा पत्तो लागेपछि नै भौतिकवादलाई तिरस्कार गरेर जीवीको पार्जन पद्धतितिर लगेका थिए । त्यसबेलाका चरमचोटीमा पुगेको विज्ञानले पारेको नकरात्मक असरलाई बुझेर उनीहरूले फेरि यस्तो संस्कार गरेका रहेछन् । मानव सभ्यताबाट हेर्दा आजको संस्कार दानवी हो, बिनाशकारी हो, आताई हो । त्रिपुरा शहर श्री शिबबाट ध्वस्ता बनाउँदाको अवस्थाको हो । दानवीय सभ्यता र संस्कारलाई असल भनेर मान्नु नै हाम्रो गल्ती थियो । राजनीतिको गलत बुझाई थियो । शिक्षाको गलत प्रक्रिया, यी सबै कारणले हामी पछाडि पछाडि पर्दै आइ रहेका छौँ ।

जडिबुटी श्रोत : जडिबुटी :श्रोत हिमाल सरहको मौलिक श्रोत हो । यस्को प्रविधि उच्चतम भएको अवस्था नालन्द वि.वि.को आयुर्वेद विभागको जानकारीले पुष्टि गर्दछ । धन्वन्तरि, बागभट्ट, चरक, पतञ्जलि, च्येवन आदि थोरै नामहुन् जसले यस विधामा उच्चतम उपलब्धि हासिल गरेका थिए । सन १०९० सम्म यो विधा विश्वमै चरमचोटीमा पुगेको थियो । नालन्द, तक्षशिला, बिक्रमशिला जस्ता १५,८०० वटा उच्च शिक्षण संस्था थिए । १८ विशेष विधा र हजारौं अरू विधासमेतलाई भविष्यममा पनि प्रगति हुन नसकोस भनेर आगो लगाएर जलाइयो, नष्ट गरियो । लगभग ६०० बर्ष सम्म प्राच्य सभ्यता फेरि पन्पनै नपाउने गरी नष्ट गरिएको थियो भने त्यसपछि पसेका गोराले बचे खुचेका सूत्र चोर्ने र लुट्ने काम गरे । मुसलमानले भत्काउने, नष्टगर्ने काम गरे भने गोराले सिप, प्रविधि, ज्ञान, बिज्ञान सूत्रहरू चोर्ने र तिनको धर्म सभ्यता संस्कार र ज्ञानगुन मास्ने काम गरे । आयुर्वेदलाई मारेर एलोप्याथी लदाइयो । गुरूकुलीय पीडी शिक्षा मासेर मेकाउले शिक्षा लदाइयो । आस्तिकता मासेर नास्तिकता लदाइयो । यसरी १३१८ बर्षसम्म अथवा ५०-५५ पुस्तासम्म हामीले हाम्रो ज्ञान बिज्ञान बिर्सन बाध्य परिएकोले ठूला उपलब्धि बिनासिएका हुन् । त्यस्ता हजारौंमद्धे जरिबुटी एक हो । पार्श्वप्रभाव नपर्ने एकमात्र उपचार पद्धति । आयुर्वेदको बिशेषता नै के हो भने पहिले नित्य आहार बिहारबाट कुनै रोगनै लाग्न नदिने र दोश्रो रोग लागेका अवस्थामा कुल रोगको ८० प्रतिशत उपचार घरघरै आफै गर्न सक्ने बनाउने हो । त्यसपछि २० प्रतिशत असाध्य रोगकालागि मात्र कविराज बैद्य उत्पादन तथा औषधालयको निर्माण गर्ने हो । यही पद्धतिलाई नै घरघर वैद घरघर धोवी घरघर विद्या अज्ञान नहोबी भनिएको हो ।

# जनताले खोज्छन् चमत्कार


सुरेशकुमार पाण्डे

गरिब जनताहरूलाई धनिबन्ने रहर त अवस्य हुन्छ होला तर कसरी धनी बन्ने कतैबाट चुहुँदै छ भने त्यो भाँडो भरिँदैन । सबैले शान्ति सुव्यवस्था चाहन्छन् । तर त्यस्तो कसरी आउँछ ? कसले ल्याउँछ ? त्यसबारे सबै अनभिज्ञ छन् । उनिहरूले कुनै नयाँ औतारको जन्महुन्छ र राम्रो व्यवस्था ल्याउँछ भनेर आस गरिरहन्छन् ।

मैले बिगतमा कयौं लेखहरूमा लेख्दै आएको एउटा “शब्द केहो भने हाम्रो देशका जनताहरू मिहनेती छन् , बहादुर छन् । अर्कैको लागि बफादार पनि हन्छन्; तर चमत्कारमा भने अघात विस्वास गर्छन् ।“ अन्धबिस्वासी र रूढिवादी रूझानका बढी छन् । त्यसैको फाइदा उठाएर हाम्रा दुश्मनहरूले शान्तिपूर्वक रूपबाट लगातार आकारमण पनि गर्दै आएकाछन् । छिमेकी देशबाट नेपाल आएर प्रवचन दिनेकाम बिगतमा तमाम बाबाहरूले गर्दै आएकाथिए ।यसलाई सांचैभन्ने हो भने एक प्रकारको शान्तिपूर्वक आकारमण नै भन्नुपर्छ । जो धर्मको नाममा जातिको नाममा र सहयोगको नाममा लगातार आकारमण हुँदै आएकोछ ।

त्यो मात्रै होइन भाषा, संस्कृति समेतमा लगातार आक्रमण हुँदै आएको छ ।

भारतमा एकजना चन्द्रास्वामी जो पछि जेलको सजाय पाए । उनि यती प्रसिद्ध थिए की ठूलाठूला राजनीतिक पार्टीका धाख्ड नेताहरूका धर्म गुरूको भूमिका निर्वा गरेका थिए । उनि जेलको सजाए काट्ने वेला त्यो वेला भारतिय कांग्रेस ‘आई’ का नेता पिवी नरसिंह राव र सीताराम केसरी जस्ता नेता चुनाव जितेपछि सरकार बनाउन उनैको आशीर्वाद लिन जेलमा पुगेका थिए । त्यस्ता बाबाहरूले पनि नेपाली नेताहरूलाई आशीर्वाद दिन आउने र नेता जाने चलन थियो ।

नेपालको सन्दर्भमा भन्नुप्रदा अहिले नेपालमा आफुलाई कम्युनिष्ट भनेर नथाक्नेहरूको बहुमत देखिन्छ । तर उनिहरू अहिलेपनि रूढिग्रस्त छन् ।देशभित्र भौतिकवादको अनिकाल नै छ भनेर बुझ्नुपर्छ । यस्ता उदारणहरू भेटिन्छन् ।

देशभित्र छिमेकी मूलुकले समेत धर्मको नाममा ठुलो राजनीति गर्दै आएकाछन् । त्यो मात्र होइन अहिले डेड् दशकबाट भारतमा बिजेपीको सरकार आएपछि जोडतोडले रोजी बेटीको समबन्धका कुरागर्दै बिजेपी नेताहरूको आगमन र उनिहरू सँग जोडिएका धार्मिक बाबाहरूको नेपालमा ओइरोलागेको हामिले देखिरहेकाछौँ । बाबा रामदेव र स्वामी बालकृष्णलाई नेपाल भारतको ज्वाइंट बनाएर नेपालमा उनिहरूले खुब प्रभाव पार्न प्रयात्न गर्दै आएका छन् । उनिहरूको मुख्य श्रोत भनेको योग र जडिबुटीद्वारा निर्मित औषधी र घरेलु उपभोगका बस्तुहरूको बजार नै हो ।

केही वर्ष यता सच्चा सौदा सिर्साका धर्मगुरू र हिसार बर्वाला हरियाणकै रामपाल सहितको देशभरी प्रचार गराएका छन् । ’फ्री’ मा किताबहरू घर घरै पुराएर प्रभाव प्रार्न जोड दिएको देख्दा यो काममा पनि कुनै नेता वा मन्त्रीको हात हुनसक्छ भनेर बुझ्न गारो पर्दैन् । उनिहरू भारतिय प्रसासन द्वारा दण्डित गरिएका अपराधीहरू नै हुन् । आखिर हाम्रो देशलाई अपराधी जन्य धर्मगुरूहरू किन चाहियो ?

एकातिर हिन्दुधर्मको आडमा नागाहरू देखी इच्क्षाधारीहरूको देशमा आतङ्कनै छ । विगत ‘आदि पुरूष’को लेखकले नेपाललाई भारतको एउटा प्रान्तको तुलना गर्दै भनेकाथिए की नेपाल सन १९९३/९४तिर भारतबाट अलग भएको थियो ।त्यसको बिरूद्धमा थुप्रै सँग संसँथाहरूले आवाज उठाए तर सरकारले सुन्या नसुनाई गर्यो । काठमाण्डौ जिल्लाका मेहेर बालेनले त्यसको बिरोधमा शंघर्ष गर्दै आएकाछन् ।तर अन्य कुनै पनि राजनीतिक पार्टिले बालेनको साथ दिएको देखिएन् ।

अहिले अर्का एकजना भारतिय धर्म गुरू भनिने धिरेन्द्र कृष्ण शास्त्रिले पहिलो दिन प्रवचनमै त्यही शब्दहरू दोराएर आफ्नो असली रूप देखाइ सकेकाछन् ।

आर्कोतिर अमेरिकी साम्राज्यवादीहरूले देशका नागरिकहरूलाई बिभिन्न बहानामा धर्म परिवर्तन गराएर इसाई बनाउँदै आएका छन् । यिनीहरूले मन्दिर गुम्बाहरू चर्चहरूको निर्माण गराएर धार्मिक अबस्था खलबलाईदिने प्रयात्न गर्दै आएकाछन् ।

अहिले २७ वर्षिय भारतिय धर्मगुरू बागेश्वर बाबा धिरेन्द्र कृष्णा शास्त्री प्रवेश गरेका छन् । बागेश्वरी बाबा अहिलेका धिरेन्द्रका (प्रदादा) जिजु हुन । ४ जुलाई १९९६मा गाड़ा गाउँ छत्तरपुर मध्यप्रदेशमा पिता रामकृपाल र माता सरोज गर्गको तेस्रो सन्तान हुन । उन्को एउटा भाई र एउटी बहिनी छन् ।

आफु हनुमानको भक्त भएको बताउँदै र दाबा गर्दै आएकाछन् । धिरेन्द्र पहिलो दिनकै प्रवचनमा बिबादित बयान दिएर चर्चामा आएका छन् ।

एक पटक एकजनाले मसँग यति शक्ति छ, मैले आँखा जुँदाएपछि जेपनि हुनसक्छ भनेर दावा गर्दै थिए । अहिले आफुसँग शक्ति भएको भन्दै आएका छन् ।

सवाल कसैसँग के खुबी छ त्यो हो । धर्म र चमत्कारको नाउँमा आर्काको देशभित्र पुगेर त्यँहाको राष्ट्रियता र अखण्डताको र स्वाभिमानको बिरूद्धमा बोल्ने अधिकार कसैलाई पनि नहुनुपर्ने हो । सरकारको नाङ्गो दलाली घृणायोग्य छ ।

देशका जनताहरू समयमै सचेत र संगठित नहुने हो भने हाम्रो देशको अबस्था दयनीय र तरल त छँदैछ, देश सिक्किमीकरण हुनसक्ने पनि छर्लङ्गै छ ।

# सेना किन चाहिन्छ ? देश र जनतालाई सोध ?

सेनाको संख्या धेरै भयो भनेर बिबाद झिक्नेहरू यसपालीकै अतिवर्षाका कारणको बाढी पहिरो, बिपत, ०७२ सालको भूकम्पमा समेत भ्रष्टाचारमा रमाए । यहाँसम्म कि कोभिड १९ को महामारीमा दशौं हजार नागरिकले ज्यान गुमाए, स्वास्थ्य सामग्रीमासमेत भ्रष्टाचारमा रमाउनेलाइृ के थाहा, नेपाली सेनाले हरेक नागरिक र राष्ट्रको विपतमा ज्यानको बाजी लगाएर सेवा गरिरहेको छ । देशको शान्तिदेखि विश्वशान्तिसम्म खट्ने र राज्यले दिएको जिम्मेवारी इमानका साथ निभाउने सेनाबाहेक अर्को संवैधानिक निकाय कुन छ ? यस्तो सेनाको प्रभावकारिता बढाउने कसरी भन्ने बहस गर्न छाडेर यति धेरै सेना किन चाहियो भन्नेहरू देशविरोध नभए के हुन् ?














# फाइलमै हरायो दोस्रो चक्रपथ

चीनले सित्तैमा बनाइदिन खोजेको राजधानीको दोस्रो चरणको चक्रपथ फाइलमै हराएको छ । यातायात र शक्तिशालीहरूले दोस्रो चक्रपथको नक्सा सार्वजनिक नहुँदै चक्रपथका दायाँवायाँ सस्तोमा जग्गा किनेका थिए, जसका जग्गा सडकमा पर्ने हुन्, तिनलाई उचित क्षतिपूर्ति नदिने षडयन्त्र समेत गरे । जसका कारण यो योजना यतिबिघ्न गिजोलियो कि फाइलमै सिमित हुनपुगेको छ ।

यद्यपि भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले दोस्रो चरणको चक्रपथ सडक विस्तार आयोजनाको निर्माण छिट्टै सुरू हुने सस्तो भाषणबाजी गरेका छन् । दशकौंदेखि फाइलमा थन्किएको यो योजना सुरू हुने कुनै लक्ष्यण छैन । स्मरणीय छ, अन्तर्राष्ट्रिय सभाहल जहाँ संसद चलिरहेको छ र दोस्रो रिङ्रोड राजा वीरेन्द्रलाई चीनले उपहारमा बनाइदिने भनेको थियो । षडयन्त्र धरै भयो ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८०-८१
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८० भदौ १२ Aug. 29, 2023






# धार्मिक र जातीयद्वन्द्वमा फस्यो मुलुक

लोकतन्त्र लोकतन्त्र भन्दाभन्दै मुलुक सकियो । धरानमा सल्केको डढेलो, निषेधाज्ञा, सद्भावना ¥याली आदि मत्थर भएको छ तर यसको झिल्काले मुलुक सल्किनसक्ने खतरा छ । बहुजातीय मुलुकको सद्भाव शत्रुतामा परिणत भइसक्यो । हुन त माओवादीले पहिचानका आधारमा संघको नामाकरण गर्ने कार्यको उद्घोष भएदेखि नै नेपालभरि मन्दविष फैलिदै गएको हो । कोशी प्रदेशको नामाकरण विवाद, धरान १४ सिंहदेवी चोक छेउमै रहेको हिन्दु र किराँतीको आस्थाको बालगोपालको मन्दिरअगाडि चर्च निर्माण गर्न दिएपछि जाति जातिवीचको विवाद बढ्दै गएको हो । गत साउन ९ गते धरानका राजन परियार र धरानकै विन्द्रा राईलाई गोरू काटेर रमाइलो गर्दागर्दै गिरफ्तार गरिएपछि सत्ताधारी र इसाई समूहकै अत्यधिक दबाबमा उनीहरू धरौटीमा रिहा त भए तर पहिचानवादीले ती दुबैलाई सम्मान गरेर फेरि गोरूको मासुको भोज लगाइयो र संविधान र सद्भावमाथि नै धावा बोलिएपछि हिन्दुवादी भर्सेज पहिचानवादीवीचको विवाद उत्सर्गमा पुग्यो । दुबैथरिले भदौ ९ गते आआफ्ना किसिमले सभा गर्ने भनेपछि जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा नै लगायो । त्यस दिन धार्मिक बिबाद रक्तपातमा परिणत हुने खतरा देखिएको थियो । अनेक नेता र पार्टीले सद्भाव कायम राख्न विज्ञप्ति निकाले । सद्भाव जुलुस निस्क्यो । धन्न अर्को कैलाली घटना घट्नबाट रोकियो । सतहमा हर्क साम्पाङ, आङ्काजी देखिए पनि यसमा जातीय द्वन्द्व भड्काउनका लागि माओवादी पहिचानवादी जिम्मेवार छन् ।

गरीब मुलुक, चेतको कमी, यसमाथि पार्टीको दबदबा र विदेशी पैसा मिसियो भने जातीय आगो बल्न धेरै समय लाग्दैन । कस्तो मुलुक, कस्तो बनाइदिए ?

पहिले सत्ता झगडा देखिन्थ्यो, अब जातीय झगडा देखियो । धार्मिक लडाइँको श्रीगणेश भयो । भूराजनीतिका कारणले यो झगडा सम्हाल्न गाह्रो छ । जोडिएका छिमेकीको झगडा चर्काउन, इसाईको झण्डा फहराउन् ठूलो षडयन्त्र भइरहेको छ । यो आगो धरानबाट अन्यत्र सर्दैजाने खतरा सन्निकट छ । गाईगोरू काटेर खाने र विभिन्न सामाजिक सञ्जालबाट व्यापक प्रचार हुनुबाट बुझ्न सकिन्छ- हिन्दुवादीहरूलाई उत्तेजित पारिदैछ । बगे नेपालीको रगत बग्ने, लाभ अरूलाई हुने । जनयुद्धकालमा धर्मविरूद्धमा जे गरियो, त्यसैको बिस्तारित रूप हो यो । कसैले भनेका थिए- जनयुद्ध अघि अघि बाइबल पछि पछि । त्यही नजारा अहिले देखिएको छ । गाई गोरू खानेलाई पश्चिमाबाट डलर आउला, काट्नुहुन्न, हिन्दुको आस्थामाथि खेलबाड नगरौं भन्नेलाई दक्षिणबाट भारू आउला । जेहोस्, संकटमा नेपाली पर्छन् ।

एकातिर राष्ट्रघात, भ्रष्टाचार, बेथिती, मनलागी, त्यसमाथि जातीय द्वन्द्व । नेपालीको पलायन बढ्नेछ, विदेशीको घुइँचो नेपालमा देखिने छ । यथार्थमा सदियौंदेखि मिलेर बसेका नेपालीले यो चर्को विवाद सुरू गरेकै होइनन् । विदेशी दानदातव्यमा सुरू भएको हो । यस्तो विवाद स्थायी रूपमै जरो गाड्ने खतरा छ । नेपालीले चीरकालसम्म भोग्नुपर्ने झगडा हो यो । आज नगर क्षेत्रमा देखियो, भोलि सहर हुँदै गाउँ, टोलटोलामा यस्तै विवाद उठ्ने छ । नेपालबाट संघीयता र धर्मनिरपेक्षता संविधानबाटै खारेज हुनुपर्छ भनेर उठेको आवाज र नेपालमा अस्थिरता चाहने तत्वले यो बबण्डर सुरूआत भएको छ । हुन पनि संघीयता नै खारेज गरिदिए र धर्मनिरपेक्षता खारेज गरिदिए धार्मिक र नैतिक विकृति घट्ने थियो । होला, पहिले पहिले ससाना बादबिबाद उठ्ने, साम्य हुन्थे । यतिबेला गाई गोरू काटेर एकदोस्रालाई उक्साउने, उत्तेजित पार्ने योजनाबद्ध प्रचारबाजी कहिले भएको थिएन । यो विद्वेषको आगो सल्कियो, डढेलो लाग्यो भने छिमेकीलाई पनि यसको राप र तापले प्रभाव पार्नेछ । सिद्धान्त र विचारले जो जे हुन्, सबैले आआफ्ना विचार आफैमा सिमित राखेर एकअर्काप्रति सम्मानभाव राख्ने, अर्काको आस्थामा खलल नपार्ने, एक अर्काको धर्मलाई सम्मान गर्ने काम हुनुपर्थ्यो, तर विकृतिलाई बढाइयो । यसरी प्रायोजित द्वन्द्व बढाउनु राष्ट्रलाई बिघटनतिर लानु हो । अराष्ट्रिय र असामाजिक कार्य हो । यस्तो व्यवस्थालाई च्यापिराख्ने कि विकल्प सोच्ने ? देशका लागि बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रभन्दा उपयुक्त अरू व्यवस्था हुनैसक्दैन । यसको छिनोफानो गर्न जति अबेर भयो, रक्तपातको खतरा बढ्नेछ । नेपाली नेपाली मिल्ने हो लड्ने होइन ।

# साह्रै महिमामय हिमालय सभ्यताको प्रसङ्ग

**केशवप्रसाद चौलागाईं-**

महाकवि कालिदासको रघुवंशमा भारत वर्षको उत्तर दिशामा देवतास्वरूप पर्वतहरूका राजा हिमालय पूर्व र पश्चिम समुद्रमा प्रविष्ट भएर पृथ्वीको मानदण्ड जस्तै स्थित छ भन्ने उल्लेख तथ्यले नेपालीको गौरव बढेको पाइन्छ ।

विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको कोशी प्रदेश अन्तर्गतको विराट सर्किट क्षेत्रबाट हिमाल संस्कृति र सभ्यताको पनि चर्चा गर्न पाउने अवसरले विश्व सभ्यता संवादका लागि पनि प्रेरित गर्दछ । द्वन्द्वरत विश्वको ध्यानलाई शान्ति र मेलमिलापतर्फ आकर्षित गर्न भूगोल र इतिहासले साथ दिइरहेको यस क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका सभा सम्मेलन गर्न सहज हुने छ ।

वराहक्षेत्र : सृष्टि र अवतारको जीवन्त क्षेत्र हो । पूर्वीय दर्शनले गरेको सृष्टि र अवतारको कथा अनुरूप पृथ्वीलाई वराह अवतारका रूपमा भगवान्ले उद्धार गरेको कुरा विश्वका अनुसन्धानकर्ताहरूले विश्वास गरेको कुरा हो । दस अवतारमध्ये वराह अवतारको तथ्यले प्राचीन विश्व सभ्यताको सम्बन्धमा चिन्तन गर्ने शास्त्रीय आधार प्रदान गर्दछ । आस्था र इतिहासको सङ्गमका रूपमा प्रसिद्ध वराहक्षेत्र वराहपुराणका कारण पनि जन-जनमा पुग्न सकेको छ । सम्पूर्ण भारतले समेत आस्था राख्ने यस क्षेत्रको महत्व बढाउँदै धार्मिक पर्यटनमा समेत अभिवृद्धि हुन गई समृद्धिको स्रोत बन्न सक्ने छ । वराहपुराणमा वर्णन गरिएको 'पुण्डरीकाक्षपारस्त्रोत्र' सम्पूर्ण विद्वान् र भक्तजनका हृदयमा ताजा रूपमा रहेको पाइन्छ । जसका कारण वराहक्षेत्र तीर्थका रूपमा रहेको छ ।

उत्तरी सीमा किमाथाङ्कादेखि दक्षिणी भारतीय सीमा जोगबनीलाई जोड्ने छोटो राजमार्गको निर्माणले त्रिदेशीय सम्बन्धको केन्द्र बन्ने हुँदा सभ्यता र समृद्धिको आधार भूमि बन्न सक्ने देखिन्छ । विश्वकै ठुलो जनसङ्ख्या भएको चीन र भारतका बिच भागमा रहेको नेपालको पर्यटनका लागि ठुलो जनसङ्ख्या वरदान नै साबित हुने छ । हिन्दु, किराँत र बौद्ध मार्गीको आस्थाकेन्द्र नेपाल रहेको कारण पूर्वाधारको विकाससँगै पर्यटनको वृद्धि हुन गई आत्मनिर्भर नेपाल बन्नेछ ।

सौम्य शक्ति र विराट सर्किटको विषय : विश्वका शक्तिशाली मुलुकहरूका बिचमा आफ्नो प्रभावलाई स्थापित गर्दै शक्तिशाली बन्ने होडमा सौम्य शक्तिको पनि उपयोग हुने गरेको तथ्यले नेपालले पनि आफ्नो सौम्य शक्तिहरूको संरक्षण र विस्तार गर्नुपर्ने आवश्यकता भएको छ । महाभारतकालीन प्राचीन सभ्यता र मान्यतालाई विराट सर्किटको अवधारणा र उपस्थितिले प्रभावकारी बनाउने हुँदा यसको संरक्षण र विस्तारमा राज्यले ध्यान दिनुपर्ने छ ।

मुलुकको आर्थिक समृद्धि र अखण्डताको संरक्षणमा सफल परराष्ट्र नीति, सुशासन तथा सभ्यताहरूको संरक्षण र संवर्धनले महत्वपूर्ण भूमिका खेले झैँ प्राचीन इतिहास र सम्पदाहरूले पनि सौम्य शक्तिका रूपमा कार्य गर्ने हुँदा अन्तर्राष्ट्रिय सम्बन्धमा सकारात्मक योगदान पु-याउने आधार प्रशस्त रहेका छन् । यही पृष्ठभूमिमा विराट सर्किटको महत्वपूर्ण योगदान हुँदा समयमै ध्यान दिनु उपयुक्त हुनेछ ।

गुप्तवासमा विराट राजाको दरबार क्षेत्रमा युधिष्ठिरसहित प्रवेश गर्दा आफ्नो रक्षाका लागि भगवतीसँग मनमनै प्रार्थना गरेपश्चात् भगवतीले आशीर्वाद दिएको प्रसङ्गले यो क्षेत्र देवीतीर्थका रूपमा स्थापित हुने देखिन्छ ।

राजा युधिष्ठिरद्वारा देवीको प्रार्थना गरेपश्चात् देवीले पनि रक्षा गर्ने वरदान दिएको प्रसङ्गले सिद्धक्षेत्रका रूपमा पनि मान्यता पाउने देखिन्छ । राष्ट्रलाई सङ्कट परेका बेला यस स्थानमा भक्तिभावले प्रार्थना गर्दा मुलुक र मुलुकवासीको रक्षा हुने देखिन्छ । हाम्रा संस्कृति सभ्यताहरू आस्थाका केन्द्रका रूपमा पनि विकास हुन सक्ने हुँदा तीर्थका रूपमा पनि मान्यता प्राप्त गर्न सक्ने छन् । आन्तरिक र बाह्य पर्यटनको आकर्षणको केन्द्र बन्नुका साथै विश्वले मान्ने क्षेत्रका रूपमा स्थापित हुन गई सौम्य शक्तिको सफल प्रयोग क्षेत्र बन्ने छन् ।

विराट सर्किट र स्वराज्यको गरिमा : कौरव र पाण्डवबिच एका परिवारको द्वन्द्व भएता पनि राज्य प्राप्ति तथा स्वराज्य स्थापनाको पनि विषय भएकाले राजनीतिक महत्व महाभारतको रहेको छ । नेपालमै पनि विगतमा माओवादी द्वन्द्वको घटनालाई विश्लेषण गर्दै धार्मिक जगतले स्वराज्य र मेलमिलापलाई निकासको सूत्रका रूपमा प्रस्तुत गरी अभियान सञ्चालन गरिरहेकाले द्वन्द्व व्यवस्थापनको सैद्धान्तिक भूमि विराट सर्किट बन्न सक्ने देखिन्छ । मुलुकलाई शान्ति र समृद्धिको मार्गचित्रमा अगाडि बढाउन महाभारतको दृष्टान्तदेखि मौलिक नेपाली ज्ञानलाई शिक्षामार्फत पठनपाठन क्षेत्रका रूपमा पनि बढाउन सकिन्छ । 'द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा अध्यात्मिक क्षेत्रको भूमिका' अनुसन्धानमार्फत यही क्षेत्रबाट सम्भावित द्वन्द्वहरूलाई समाधान गर्न प्रेरितगर्न सकिन्छ ।

'आ यद वामीयचक्षसा मित्र वयं च सुरयः । व्यचिष्ठे वहुपाय्ये यते महि स्वराज्ये ॥'
अर्थात् विस्तृत र बहुमतद्वारा जसको पालन हुन्छ, त्यस्तो स्वराज्य शासनमा आमनागरिकको भलाइका लागि रहौँ भन्ने ऋग्वेदको वचन अनुरूप प्रजातन्त्र, राष्ट्रियता र समावेशी राज्य स्थापनाको सैद्धान्तिक स्थल बन्न सक्ने देखिन्छ । सौम्य शक्ति, आर्थिक कूटनीति र द्वन्द्व रूपान्तरणको सांस्कृतिक भूमिका रूपमा विराट सर्किट अगाडि बढ्नुका साथै सभ्यता संवादको विश्वभूमि बन्ने छ ।




भारतको अतिक्रमण रोक्ने चुनौती । भारतले नेपाली भूभाग कालापानी, लिपुलेक, लिम्पियाधुरा आफ्नो नक्सामा मिसाइसक्यो, ती नेपाली भूमि नेपालको हकभोगमा ल्याउनु पर्ने चुनौती, इसाई र सत्ताधारीले गाई गोरू काटेर भोज लगाएको र सनातनी हिन्दुत्व जोगाउने चुनौती, सत्ताधारीले इसाई, उत्तर दक्षिणतिर लागेर सत्तास्वार्थमात्र हेरेकाले राष्ट्रियता बचाउने चुनौती, संसदको अधिकार न्यायालयले, न्यायालयमा राजनीतिकरण हावी भइसकेकोले रोक्ने चुनौती । अर्थात नेपालमाथि राजनीतिक र कूटनीतिक संकट नै संकट छ । बहुजातीय, बहुभाषिक मुलुकबासी मिलेर बसेका थिए, तिनलाई एकादोस्राप्रति लडाउने र भिडाउने षडयन्त्र रोक्ने सबैभन्दा ठूलो चुनौती छ । विदेशी चलखेल गरिरहेका छन्, नेपाली भूमि विश्वशक्तिको परेडमैदान बनेको छ । नेपालीत्व कसरी जोगाउने, यो झन ठूलो चुनौती छ । यी चुनौतीका पहाड खडा गरेको यही पद्धतिका सञ्चालक नेतृत्वले हो । गैरजिम्मेवार प्रशासकहरूले हो । नेता र प्रशासक त विदेशीको ग्रिनकार्ड लिएर बसेका छन्, विदेशतिरै लाग्नेछन् । पीडा र छटपटी नागरिकले भोग्नुपर्ने छ । यसकारण अब पनि जनता जागेनन् भनेर मर्ने देश र जनता नै हुन् । हेक्का रहोस् ।

## आँखा पाक्ने रोगका लक्ष्यण

- आँखा रातो हुने र चिलाउने,
- आँखाबाट आँसु बगिरहने, कचेरा, चिप्रा लाग्ने,
- आँखा बिझाउने, दुख्ने,
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने ।

यस्ता लक्ष्यण आँखा पाक्ने रोगका हुनसक्छन् । यस्ता समस्या देखिए चिकित्सकसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

